# जुनियर/युवा रेडक्रस नीति तथा कार्यप्रणाली निर्देशिका
# र
# रेडक्रससम्बन्धी जानकारी

(परिमार्जित संस्करण २०६१)

नेपाल रेडक्रस सोसाइटी
जुनियर/युवा रेडक्रस विभाग
केन्द्रीय कार्यालय, कालीमाटी काठमाडौं
पो.व.नं. २१७
फोन नं. ०१-४२७०६५०
**web: www.nrcs.org**

# भाग १
# खण्ड अ
# नेपाल जुनियर/युवा रेडक्रस नीति

## १) पृष्ठभूमि :

नेपाल रेडक्रसको स्थापना भएपश्चात् नेपालमा जुनियर र युवा रेडक्रसको स्थापना ५ मार्च १९६५(तदनुसार २०२१ फागुन २२) का दिन भएको हो । नेपाल अधिराज्यका ७५ वटै जिल्लाका शिक्षण संस्था र समुदायमा व्यापक सञ्जालको रूपमा नेपाल जुनियर र युवा रेडक्रस सर्कलहरूको स्थापना, विकास र विस्तार हुँदै आएको छ । नेपाल रेडक्रस सोसाइटीको विधान २०२० (पन्ध्रौं संशोधन, २०५९ सहित) को परिच्छेद २, धारा ७.३. (ङ) मा व्यवस्था भए अनुसार "नेपाल रेडक्रस सोसाइटीको अभिन्न अङ्गको रुपमा जुनियर र युवा रेडक्रसको सङ्गठन र सहभागिता प्रवर्द्धन गर्दै गतिविधिहरू सञ्चालन गर्ने" उल्लेख गरिएको छ । तसर्थ जुनियर र युवा रेडक्रस सर्कलहरूमा आवद्ध स्वयम्सेवीहरूको मानवीय शक्तिलाई परिचालन गरी पीडितहरूको सेवा र सङ्कटाभिमुखता न्यूनीकरणमा योगदान गर्न एवं लाभान्वित हुन प्रोत्साहित र दिशाबोध गर्नु आवश्यक भएकाले अन्तर्राष्ट्रिय महासङ्घको नीति तथा नेपाल रेडक्रसको दीर्घकालीन योजनाअनुरूप राष्ट्रियस्तरमा प्रस्तुत नीतिको तर्जुमा गरिएको छ ।

## २) लक्ष्य

नेपाल रेडक्रसको अभिन्न अङ्गको रूपमा रहेको जुनियर/युवा रेडक्रस सङ्गठनमा बालबालिका तथा युवावर्गलाई आवद्ध गराई कार्यक्रमहरूको माध्यमबाट मानवीय सेवालाई प्रभावकारी बनाउन उनीहरूको व्यवस्थापकीय क्षमता अभिवृद्धिका साथै स्वयम् पनि लाभान्वित हुनसक्नेगरी स्वयम्सेवी कार्यकर्ताको रूपमा विकास तथा सेवामा परिचालन गराउनु जुनियर/युवा रेडक्रसको लक्ष्य हो ।

## ३) उद्देश्य

क) युवावर्गलाई जीवन रक्षा तथा स्वास्थ्य सुरक्षासम्बन्धी मानवीय सेवाका साथै जनचेतना अभिवृद्धिका कार्यमा सरीक गराउने ।

ख) रेडक्रसका सिद्धान्त तथा मानवीय मूल्यको प्रवर्द्धन र अन्तर्राष्ट्रिय मानवीय कानूनको प्रचार–प्रसार गरी रेडक्रसको संस्थागत विकासमा मद्दत पुर्‍याउने,

ग) प्रकोप तथा महामारी न्यूनीकरण, पूर्वतयारी, उद्धार तथा राहत कार्यमा सहयोग पुर्‍याउने,

घ) युवावर्गलाई स्वयम्सेवाप्रति उत्प्रेरित गरी क्षमता अभिवृद्धिका साथै देश, काल र परिस्थितिअनुसार सेवा तथा विकास कार्यमा संलग्न गराउने ।

ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मित्रता, पारस्परिक सहयोग, समझदारी, सद्भाव र शान्ति अभिवृद्धि गर्ने ।

## ४) नीतिगत क्षेत्रहरू :

जुनियर/युवा रेडक्रसको मूलमन्त्र "म सेवा गर्छु" (I serve) भन्ने हो । रेडक्रसका मूलभूत सिद्धान्तको अधीनमा रही मानव जातिको सेवा हुने कुनै पनि प्रकारका कार्यक्रमलाई नेपाल जुनियर/युवा रेडक्रसको कार्यक्षेत्रको रूपमा लिन सकिन्छ । यी कार्यहरू मुख्यतया ६ वटा क्षेत्रसँग सम्बन्धित छन् :

क) जीवन रक्षा एवं स्वास्थ्य सुरक्षा **(Protection of Life and Health)**
ख) सेवा तथा ऐक्यवद्धता **( Service and Solidarity)**
ग) राष्ट्रिय/अन्तर्राष्ट्रिय मित्रता, समझदारी र शान्तिका लागि शिक्षा **(National/International Friendship, Understanding and Education for Peace)**
घ) अन्तर्राष्ट्रिय मानवीय कानून, मानवीय मूल्यको प्रवर्द्धन र रेडक्रसका सिद्धान्तहरूको प्रचार-प्रसार **(International Humanitarian Law , Promotion of Humanitation Value and Dissemination of the Red Cross Principles )**
ङ) प्रकोप व्यवस्थापन **(Disaster Management)**
च) क्षमता अभिवृद्धि र सङ्गठन विकास **(Capacity Building & Organization Development)**

## ५) नीतिहरू

क) जुनियर/युवा रेडक्रस सर्कलहरूले स्वास्थ्य शिक्षा, वातावरणीय सरसफाइ, वृक्षारोपणजस्ता स्वास्थ्य र सामुदायिक सेवा एवं विकासमूलक कार्यक्रम सञ्चालन गर्नेछन् ।
ख) जुनियर र युवा रेडक्रसका माध्यमबाट रेडक्रसका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग सुमधुर सम्बन्ध कायम गरी मानवीय पीडा कम गर्न सहयोग र सद्भाव बृद्धि गर्नमा सर्कलहरूले विशेष योगदान रहनेछ ।
ग) रेडक्रस सिद्धान्त तथा मानवीय मूल्यको प्रवर्द्धन र अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रचार-प्रसारमा जुनियर /युवा रेडक्रस सदस्यहरूको सशक्त भूमिका रहनेछ ।
घ) जुनियर/युवा रेडक्रसले प्रकोप प्रभावित तथा जोखिममा रहेका समुदायका लागि बचावट, न्यूनीकरण, पूर्वतयारी उद्धार/राहत कार्यक्रमहरू सञ्चालन गर्नेछन् ।
ङ) नेपाल रेडक्रसको अभिन्न अङ्गको रूपमा शिक्षण संस्था र समुदायमा जुनियर र युवाहरूको सङ्गठनात्मक विकास गरिनेछ ।
च) जुनियर/युवा रेडक्रस सङ्गठनको विभिन्न नीतिगत तहमा जुनियर/युवा सदस्यहरू, शि.ना., प्र.अ. , शिक्षा मन्त्रालयका प्रतिनिधि र विषयगत विशेषज्ञहरूलाई आवश्यकताअनुसार प्रतिनिधित्व गराइनेछ ।

छ) जुनियर र युवा रेडक्रस सदस्यहरूको नेतृत्व विकास तथा क्षमता अभिवृद्धि गरी मानवीय सेवामा परिचालन गरिनेछ ।

ज) बालबालिका तथा युवाहरू लक्षित समूह हुनेछन् र विनाभेदभाव लाभान्वित हुनेछन् ।

झ) जुनियर/युवा रेडक्रसबाट सञ्चालित कार्यक्रमहरू प्रभावकारी बनाउन जुनियर/युवा सदस्यहरूमा प्रेरणा र प्रोत्साहनका लागि अनुगमन र मूल्याङ्कनको व्यवस्था गरिनेछ ।

ञ) नेपाल रेडक्रसबाट सञ्चालित कार्यक्रमहरूमा जुनियर/युवा स्वयम्सेवकहरूको संलग्नता र समन्वयपूर्ण भूमिकालाई विशेष प्राथमिकता दिइनेछ ।

ट) जुनियर/युवा रेडक्रसका नीतिहरूको कार्यान्वयनका लागि कार्यप्रणाली निर्देशिकाको विकास तथा समयानुकूल परिमार्जनको व्यवस्था गरिनेछ ।

## ६) रणनीतिहरू

क) सांस्कृतिक सम्पदा संरचना र पर्यावरणीय सन्तुलनका लागि वृक्षारोपण, विद्यालय/समुदाय सरसफाइ तथा खानेपानी सुप्रबन्धका लागि जनसमुदायको सञ्चालन गर्दै सचेतना अभिवृद्धि गर्ने र विद्यालय तथा समुदायहरू लाभान्वित हुने किसिमका सेवा तथा विकासमूलक कार्यक्रम सञ्चालन गर्ने ।

ख) एच.आइ.भी./एड्स लगायत अन्य स्वास्थ्यसम्बन्धी क्षेत्रमा आवश्यकताअनुसार निरोधात्मक, प्रवर्द्धनात्मक तथा उपचारात्मक कार्यक्रम सञ्चालन गर्ने ।

ग) शिक्षण संस्थाभित्र र समुदायमा रहेका बालबालिका एवं युवाहरूलाई सेवा तथा विकासमूलक कार्यक्रमबाट जुनियर/युवा रेडक्रस गतिविधिहरूमा सहभागी तथा लाभान्वित गराउने ।

घ) जुनियर/युवा रेडक्रसबाट सञ्चालन गरिने हरेक कार्यक्रमहरूमा विनाभेदभाव प्राथमिकताको आधारमा सेवा र सहयोग प्रदान गर्ने ।

ङ) जुनियर/युवा सदस्यहरूका साथै जनसमुदायमा सकारात्मक आचरणको विकास गराउन तदनुकूलका कार्यक्रमहरू सञ्चालन गर्ने ।

च) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आइपर्ने मानवीय पीडाजन्य स्थितिमा ऐक्यबद्धता जनाउने ।

छ) जुनियर/युवा रेडक्रस गतिविधिहरू सञ्चालन गर्न स्थानीय एवं राष्ट्रिय तहमा स्रोत परिचालन तथा कोष व्यवस्थापन गर्न सरोकारवालाहरूसँग समेत समन्वय, सहकार्य र साझेदारी गर्ने ।

ज) सहयोग र सहकार्यका लागि जुनियर/युवा सर्कलबाट आपसी पत्राचार, सांस्कृतिक आदान–प्रदान, विनिमय भ्रमण, बैठकजस्ता कार्यक्रमहरू सञ्चालन गर्ने ।

झ) रेडक्रस सिद्धान्तको जानकारी र व्यावहारिक कार्यान्वयन गर्न/गराउन विभिन्न तहमा कार्यक्रमहरू सञ्चालन गर्ने ।

ञ) मानवता, तटस्थता तथा निष्पक्षताको आधारमा मानवीय मूल्यको प्रवर्द्धन गर्दै अन्तर्राष्ट्रिय मानवीय कानूनको प्रचार-प्रसार गर्ने ।

ट) जुनियर/युवा रेडक्रस सदस्यहरूलाई प्राथमिक उपचार, प्रकोप व्यवस्थापन तथा अन्य उपयुक्त सभा, गोष्ठी, तालिमको माध्यमबाट दक्ष कार्यकर्ता तयार गरी उनीहरूबाटै उद्धार तथा राहतको लागि नगद तथा जिन्सी सङ्कलन गराई सोको समुचित वितरण गर्ने र प्रकोप न्यूनीकरणका लागि चेतनामूलक कार्यक्रमहरूसमेत सञ्चालन गर्ने ।

ठ) द्वन्द्वबाट प्रभावित तथा सामाजिक अवसरबाट बञ्चित बालबालिकाहरूको सामाजिक आर्थिक तथा शैक्षिक, विकासका लागि कार्यक्रमहरू सञ्चालन गर्ने ।

ड) विद्यालयस्तरमा जुनियर रेडक्रस सर्कल, उच्च मा. वि., विश्वविद्यालय र समुदायमा युवा रेडक्रस सर्कलको सङ्गठनात्मक विस्तार र संस्थागत विकास गर्ने ।

ढ) जुनियर/युवा रेडक्रस केन्द्रीय समितिमा क्रमिक रूपमा प्र.अ., शि.ना., विषयगत विशेषज्ञ, शिक्षा मन्त्रालयको प्रतिनिधि तथा युवाहरूलाई आवश्यकतानुसार सम्भाव्यताका आधारमा मनोनयन गर्ने ।

ण) क्षमता अभिवृद्धि गर्न जुनियर/युवाहरूको प्रशिक्षण, कार्यशाला गोष्ठी, भ्रमणजस्ता कार्यक्रमहरू सञ्चालन गर्ने ।

त) रेडक्रसबाट सञ्चालन गरिने मानवीय सेवा तथा विकास कार्यमा जुनियर/युवाहरूलाई संलग्न गराउने ।

थ) सर्कल, उपशाखा, जिल्ला, क्षेत्रीय र राष्ट्रियस्तरमा सर्कलहरूको मूल्याङ्कन गरी प्रोत्साहनस्वरूप पुरस्कारको व्यवस्था गर्ने ।

द) जुनियर/युवा रेडक्रसका कार्यक्रमलाई योजनावद्ध रूपमा सञ्चालन गर्ने ।

ध) अनुगमन तथा मूल्याङ्कनका लागि आधार एवं ढाँचा तयार गरी विकसित ढाँचाअनुरूप आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने र प्रतिवेदन तयार गर्ने ।

न) जुनियर/युवा रेडक्रस सदस्यहरूको बहुआयामिक क्षमताको विकास गर्ने खालका कार्यक्रम तर्जुमा र सञ्चालन गर्ने ।

प) नेपाल रेडक्रस सोसाइटीबाट राष्ट्रिय एवं अन्तर्राष्ट्रिय अवसरहरूको उपभोग गरेर विशेष ज्ञान प्राप्त गरेका सम्बन्धित व्यक्तिहरूको सीप पहिचान गरी सोको अभिलेख तयार गर्ने र उनीहरूबाट उपलब्ध हुनसक्ने सहयोग लिन प्रयत्न गर्ने ।

फ) सर्कलको स्तरअनुसार प्रा.वि., नि.मा.वि., मा.वि., उ.मा.वि. र विश्वविद्यालय तहका क्याम्पस, कलेजहरू र समुदायमा स्तरअनुसार कार्यक्रमको सञ्चालन, मूल्याङ्कन र पुरस्कारको व्यवस्था गर्ने ।

ब) नेपाल रेडक्रसका सबै निकायबाट जुनियर/युवा रेडक्रससम्बन्धी गतिविधिहरू सञ्चालन गर्दा उल्लिखित नीति तथा कार्यप्रणालीबमोजिम गर्ने ।

भ) निम्नबमोजिम साझा सरोकारका विषयहरू (Cross cutting issues) लाई हरेक कार्यक्रममा समावेश गर्ने ।

- लैङ्गिक सचेतना (Gender Sensitivity)
- संस्थागत विकास (Institutional Development)
- द्वन्द्व सचेतना (Conflict Sensitivity )
- दीगोपना (Sustainability)

# खण्ड : आ

## नेपाल जुनियर/युवा रेडक्रस कार्यप्रणाली

नेपाल जुनियर/युवा रेडक्रस सर्कल (नेजुरेस/युरेस) हरूको भूमिका महत्वपूर्ण हुनुका साथै कार्यक्षेत्र व्यापक रूपमा विस्तार भइरहेको छ । यस सन्दर्भमा जुनियर/युवा रेडक्रस सर्कलहरूको सङ्गठनात्मक विस्तार, संस्थागत विकासका साथै विविध गतिविधिहरूको स्तरीकरण गरी कार्यक्रम सञ्चालन प्रक्रियालाई सहज बनाउँदै अधिराज्यमा एकै रूपको युक्त अवलम्बन गर्न सघाउ पुऱ्याउने उद्देश्यले जुनियर/युवा रेडक्रसको नीतिअनुरूप समयानुकूल परिमार्जनसहित यस कार्यप्रणाली निर्देशिकाको तर्जुमा गरिएको छ । यस कार्यप्रणाली युक्त निर्देशिकाको व्याख्या तथा परिमार्जन गर्ने अन्तिम अधिकार केन्द्रीय नेपाल जुनियर/युवा रेडक्रस समितिमा रहनेछ ।

जुनियर/युवा रेडक्रस नीतिअनुसार केन्द्रमा केन्द्रीय जुनियर/युवा रेडक्रस समिति, जिल्ला शाखा र उपशाखामा क्रमशः जिल्ला जुनियर/युवा रेडक्रस समिति र उपशाखा जुनियर/युवा रेडक्रस समिति हुनेछन् । त्यस्तै विद्यालयमा जुनियर रेडक्रस सर्कल, क्याम्पस/महाविद्यालय/विश्व विद्यालय तथा समुदायमा युवा रेडक्रस सर्कल हुनेछन् । तिनीहरूको गठनविधि तथा कार्यव्यवस्था यस कार्यप्रणालीले निर्दिष्ट गरेअनुसार हुनेछ ।

## क) सङ्गठनसम्बन्धी कार्यप्रणाली

### १) नेपाल जुनियर युवा रेडक्रसको सङ्गठनात्मक स्वरूप

**नेपाल जुनियर/युवा रेडक्रसको सङ्गठनात्मक स्वरूप देहायबमोजिम हुनेछ :**



## १.१. केन्द्रीय नेपाल जुनियर/युवा रेडक्रस समिति

### १.१.१ गठन विधि

केन्द्रीयस्तरमा नीति, योजना, कार्यक्रम तर्जुमा, समन्वय, सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन आदि कार्य व्यवस्था गर्न केन्द्रीय कार्यसमितिबाट निर्धारित नियमावलीअनुसार केन्द्रीय नेपाल जुनियर/युवा रेडक्रस समिति गठन हुनेछ । यस समितिमा निम्नानुसार पदाधिकारी र सदस्यहरू रहनेछन् :

सभापति - केन्द्रीय कार्यसमितिका सदस्यहरूमध्येबाट केन्द्रीय कार्यसमितिद्वारा मनोनीत - १ जना
सदस्यहरू- सभापतिको सिफारिसमा क्षेत्रीय आवश्यकता तथा अनुभवको आधारमा कार्यक्रम कार्यान्वयनमा सुगमता ल्याउन सर्कल संरक्षक, शिक्षक नायक, विषयगत विशेषज्ञ, शिक्षा मन्त्रालयको अधिकृत स्तरको प्रतिनिधि तथा जुनियर/युवा रेडक्रस सदस्यहरूमध्येबाट अध्यक्षद्वारा मनोनीत- ९ जना
पदेन सदस्यहरू - केन्द्रीय महामन्त्री र कोषाध्यक्ष - २ जना
सदस्य-सचिव - विभागीय प्रमुख - १ जना गरी जम्मा १३ जना

यो समिति केन्द्रीय कार्यसमितिप्रति जवाफदेही हुनेछ । यस समितिका कार्यक्षेत्रहरू निम्नानुसार हुनेछन् :

### १.१.२. सामान्य कार्यविधि

क) जुनियर/युवा रेडक्रस सङ्गठन तथा गतिविधि,
ख) एड्स रोकथाम तथा प्रजनन स्वास्थ्य कार्यक्रम,
ग) स्वास्थ्य, सरसफाइ र सामुदायिक सेवा,
घ) जु.रे.स./यु.रे.स. परियोजनाहरू,
ङ) योजनिकाहरू,
च) प्राथमिक उपचार,
छ) नीति तथा कार्यनीतिले समेटेका अन्य क्षेत्रहरू ।

### १.१.३ विशेष कार्यविधि

क) जुनियर तथा युवा रेडक्रस सम्बन्धी कार्यक्रम एवं बजेट अन्तर्गतका कार्यक्रमहरू आवश्यकतानुसार स्वीकृत, परिमार्जन वा परिवर्तन गरी सञ्चालन गर्ने/गराउने,
ख) जुनियर तथा युवा रेडक्रस विकास कार्यक्रम सञ्चालन गर्न र कार्यक्रम क्षेत्र छनोट गर्न निर्णयार्थ केन्द्रीय कार्यसमितिलाई सिफारिस गर्ने,
ग) जुनियर तथा युवा विकास कार्यक्रमको सन्दर्भमा आवश्यकतानुसार कार्यक्रमको अवधि थप वा स्थगन गर्न केन्द्रीय कार्यसमितिलाई सिफारिस गर्ने,
घ) आवश्यकतानुसार दाता तथा सहयोगी/सहभागी संस्थाहरूसँग सम्पर्क एवं वार्ता गर्ने,
ङ) जुनियर/युवा रेडक्रस सङ्गठन तथा कार्यक्रमको विकास र विस्तारका लागि सुपरिवेक्षण र अनुगमन गर्ने,
च) जुनियर तथा युवा रेडक्रस सर्कलहरूको बार्षिक मूल्याङ्कन गरी उत्कृष्ट सर्कलहरूलाई पुरस्कार तथा प्रोत्साहन प्रदान गर्न केन्द्रीय कार्यसमितिलाई सिफारिस गर्ने ।
छ) जुनियर तथा युवा रेडक्रससम्बन्धी नीति, नियम र निर्देशिकाहरू लागू गर्ने/गराउने ।

### १.१.४. काम, कर्तव्य र अधिकार

रेडक्रसका आधारभूत सिद्धान्त, आदर्श र दर्शनका साथै केन्द्रीय कार्यसमितिबाट प्रतिपादित नीति नियमको अधीनमा रही केन्द्रीय समितिको काम तथा कर्तव्य देहायबमोजिम हुनेछ :

क) नेपाल रेडक्रसको नीति र योजनाअनुरूप आफ्ना कार्यक्षेत्रअन्तर्गत अल्पकालीन, मध्यकालीन तथा दीर्धकालीन योजना, कार्यक्रम वा परियोजना तयार पार्ने,
ख) आ-आफ्ना कार्यक्षेत्रका परियोजना र कार्यक्रमहरू सञ्चालनार्थ नीति तथा वार्षिक कार्यक्रम निर्धारण गर्ने एवं विनियमहरू बनाउने,
ग) केन्द्रीय कार्यसमितिद्वारा निर्धारित नीति, बजेट र प्रशासनिक बनोटअनुरूप आफ्ना कार्यक्षेत्रका परियोजना र कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन र सुपरिवेक्षण गर्ने,
घ) अन्य समितिहरूलाई आवश्यकतानुसार सहयोग र सल्लाह प्रदान गर्ने,
ङ) केन्द्रीय कार्यसमितिको बैठकमा समितिअन्तर्गतका गतिविधिहरूको प्रतिवेदन नियमित रूपले पेश गर्ने,

च) समितिको कार्यक्षेत्रभित्र कुनै पनि विषयमा कार्यसमितिबाट समय-समयमा हुने निर्णयको पालना गर्ने,

छ) आफ्नो कार्य क्षेत्रभित्र पर्ने कुनै पनि कार्यक्रमका लागि नयाँ नीति निर्धारण गर्नु परेमा केन्द्रीय कार्यसमितिलाई सिफारिस गर्ने ।

### १.१.५. बैठक

समितिका सभापतिको निर्देशानुसार वा सभापतिको सहमती लिई तोकेको स्थान, मिति, समय र विषयमा आवश्यकतानुसार समितिको बैठक सदस्य सचिवद्वारा बोलाइनेछ । त्यस्तो बैठकमा सभापतिसमेत एक तृतीयाँश वा सोभन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ । समितिको बैठक सामान्यतया वर्षको ४ पटक बस्नेछ ।

### १.१.६. कार्यावधि तथा कार्यविधि

समितिको कार्यावधि केन्द्रीय कार्यसमितिको पदावधिअनुरूप बढीमा ४ वर्षको हुनेछ । समितिले नेपाल रेडक्रसको विधान तथा केन्द्रीय कार्यसमितिद्वारा प्रतिपादित नीतिभित्र रही नियमावलीमा उल्लेख भएबमोजिम निर्णय लिने र त्यसको कार्यान्वयन गराउनेछन् । समितिले आफ्नो कार्यविधि आफै निर्धारण गरी कार्यसमितिबाट स्वीकृति लिई लागूसमेत गर्नेछ ।

केन्द्रीय समितिले आफ्नो कार्यक्षेत्रका महत्वपूर्ण कार्यक्रमसम्बन्धमा छुट्टाछुट्टै सञ्चालक समिति, बोर्ड, उपसमिति, संयोजक गठन/मनोनयन गरी वा अन्य उत्तरदायी पदलाई अधिकार प्रत्यायोजन गरी कार्य गर्न/गराउन सक्नेछ । त्यसप्रकार अधिकार प्राप्त निकाय, संयोजक वा अधिकारीले समितिका सभापतिको स्वीकृतिबाट आफ्नो अनुपस्थितिमा आफूमा निहित जिम्मेवारी उपयुक्त व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

### १.१.७. सचिवालय

नेपाल रेडक्रसको केन्द्रीय कार्यालयमा जुनियर/युवा रेडक्रस विभाग रहनेछ । यस विभागले केन्द्रीय जुनियर/ युवा रेडक्रस समितिको सचिवालयको रूपमा समेत काम गर्नेछ । यसको साङ्गठनिक ढाँचा अनुसूची १ मा दिइएको छ । जिल्ला शाखा र उपशाखामा क्रमशः जिल्ला कार्यसमिति र उपशाखा कार्यसमितिले तोकेअनुसार सचिवालय रहनेछ । साथै सर्कलहरूको हकमा सम्बन्धित शिक्षण संस्था/ समुदायसँग परामर्श तथा सहयोग प्राप्त गरी निश्चित स्थानमा सर्कल कार्यसमितिबाट सचिवालय (कार्यालय)को व्यवस्था गर्नुपर्नेछ ।

## १.२. जिल्लास्तरीय नेपाल जुनियर/युवा रेडक्रस समिति

### १.२.१ गठन विधि

जिल्लास्तरमा बालबालिका/युवाहरूलाई परिचालन गरी जुनियर/युवा रेडक्रसको संस्थागत विकास एवं क्रियाकलापहरू सञ्चालन गर्न जिल्ला कार्यसमितिले निम्नानुसार ११ सदस्यीय जिल्लास्तरीय नेपाल जुनियर/युवा रेडक्रस समितिको गठन गर्नेछ :

संयोजक - जिल्ला कार्यसमितिका सदस्यहरूमध्येबाट जिल्ला कार्यसमितिद्वारा मनोनीत - १ जना

सदस्यहरू: (संयोजकको सिफारिसमा सभापतिद्वारा मनोनीत)

- जिल्ला कार्यसमितिका सदस्यहरूमध्येबाट - १ जना
- शिक्षक नायक (विद्यालय/महाविद्यालय) बाट - ३ जना
- जुनियर/युवा रेडक्रस सदस्य (२ छात्र र २ छात्रा) बाट- ४ जना
- जिल्ला शिक्षा कार्यालयका प्रतिनिधि - १ जना

सदस्य- सचिव - कर्मचारी वा जिल्ला कार्यसमितिबाट तोकिएको उपयुक्त व्यक्ति - १ जना

### १.२.२. सामान्य कार्यविधि

क) जुनियर/युवा रेडक्रस सङ्गठन तथा गतिविधि,
ख) एड्स रोकथाम तथा प्रजनन स्वास्थ्य कार्यक्रम,
ग) स्वास्थ्य, सरसफाइ र सामुदायिक सेवा,
घ) जु.रे.स./यु.रे.स. परियोजनाहरू,
ङ) योजनिकाहरू,
च) प्राथमिक उपचार,
छ) नीति तथा कार्यनीतिले समेटेका अन्य क्षेत्रहरू ।

### १.२.३. विशेष कार्यविधि

क) बालबालिका तथा युवासम्बन्धी कार्यक्रम एवं बजेटअन्तर्गतका जिल्लास्तरीय कार्यक्रमहरू आवश्यकतानुसार सञ्चालन गर्ने/गराउने,

ख) जुनियर तथा युवा रेडक्रस विकास कार्यक्रम सञ्चालन गर्न कार्यक्रम क्षेत्र छनोट गर्न निर्णयार्थ जिल्ला कार्यसमितिलाई सिफारिस गर्ने,

ग) बालबालिका तथा युवा विकास कार्यक्रमको सन्दर्भमा आवश्यकतानुसार कार्यक्रमको अवधि थप वा स्थगन गर्न जिल्ला कार्यसमितिलाई सिफारिस गर्ने,

घ) जुनियर/युवा रेडक्रस सङ्गठन तथा कार्यक्रमको विकास र विस्तारका लागि सुपरिवेक्षण र अनुगमन गर्ने,

ङ) जुनियर तथा युवा सर्कलहरूको बार्षिक मूल्याङ्कन गरी उत्कृष्ट सर्कलहरूलाई पुरस्कार तथा प्रोत्साहन प्रदान गर्न जिल्ला कार्यसमितिलाई सिफारिस गर्ने,

च) जिल्लास्तरमा जुनियर तथा युवा रेडक्रससम्बन्धी नीति, नियम र निर्देशिकाहरू लागू गर्ने/गराउने ।

१.२.४. काम, कर्तव्य र अधिकार

रेडक्रसका आधारभूत सिद्धान्त, आदर्श र दर्शनका साथै केन्द्रीय तथा जिल्ला कार्यसमितिबाट प्रतिपादित नीति- नियमको अधीनमा रही जिल्लास्तरीय जुनियर/युवा रेडक्रस समितिको काम तथा कर्तव्य देहायबमोजिम हुनेछः

क) नेपाल रेडक्रसको नीति र योजनाअनुरूप आफ्ना कार्यक्षेत्रअन्तर्गत जिल्लास्तरमा अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजना, कार्यक्रम वा परियोजना तयार पार्ने,

ख) आ-आफ्ना कार्यक्षेत्रका परियोजना र कार्यक्रमहरू सञ्चालनार्थ नीति तथा वार्षिक कार्यक्रम निर्धारण गर्ने एवं विनियमहरू बनाउने,

ग) केन्द्रीय तथा जिल्ला कार्यसमितिद्वारा निर्धारित नीति, बजेट र प्रशासनिक बनोटअनुरूप आफ्ना कार्यक्षेत्रका परियोजना र कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन र सुपरिवेक्षण गर्ने,

घ) अन्य समितिहरूलाई आवश्यकतानुसार सहयोग र सल्लाह प्रदान गर्ने,

ङ) जिल्ला कार्यसमितिको बैठकमा समितिअन्तर्गतका गतिविधिहरूको प्रतिवेदन नियमित रूपले पेश गर्ने,

च) समितिको कार्यक्षेत्रभित्र पर्ने कुनै पनि विषयमा जिल्ला कार्यसमितिबाट समय-समयमा हुने निर्णयको पालना गर्ने,

छ) आफ्नो कार्य क्षेत्रभित्र पर्ने कुनै पनि कार्यक्रमका लागि नयाँ नीति निर्धारण गर्नु परेमा जिल्ला कार्यसमितिलाई सिफारिस गर्ने,

ज) जुनियर/युवा रेडक्रसको सङ्गठन, व्यवस्थापन र कार्यक्रमका लागि स्रोत परिचालन गर्ने तथा न्यूनतम सङ्गठनात्मक दायित्वहरू पूरा गर्न गराउने,

झ) विद्यालय तथा समुदायमा नेपाल जुनियर/युवा रेडक्रस सर्कल खोल्न प्रोत्साहन गर्ने र सकृय बनाउन सहयोग पुऱ्याउने,

ञ) जिल्लास्तरमा नेपाल जुनियर/युवा रेडक्रससम्बन्धी विषयहरूमा विभिन्न प्रकारका प्रशिक्षण कार्यक्रम, कार्यशाला, गोष्ठी, प्रदर्शनी आदिको आयोजना गर्ने,

ट) जिल्ला शाखा र केन्द्रबाट प्राप्त सूचना तथा अन्य जानकारी सर्कलहरूमा पठाउने र त्यसरी नै सर्कलहरूबाट प्राप्त प्रतिवेदन, सूचना र अन्य जानकारी केन्द्र तथा जिल्ला शाखामा पठाउने,

ठ) सर्कलहरूलाई आवश्यक पर्ने सूचना शिक्षा तथा सञ्चार सामग्री अध्यावधिक एवं उपलव्ध गराउने,

ड) सर्कलहरूलाई योजनाबद्ध रूपमा अर्थ सङ्कलन कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने, प्रत्येक सर्कलको आर्थिक अवस्थाको जानकारी लिने र

आवश्यकता परेमा कमजोर सर्कललाई आर्थिक सहयोगसमेत उपलब्ध गराउने,

ढ) प्रत्येक सर्कललाई वार्षिक कार्यतालिका बनाउन र सोअनुरूप कार्य गर्न प्रोत्साहित गर्ने,

ण) जुनियर/युवा रेडक्रस सर्कलको गठन, मूल्याङ्कन तथा आवश्यकताअनुसार निलम्बन र विघटन सम्बन्धमा जिल्ला कार्यसमितिलाई सिफारिस गर्ने ।

१.२.५. बैठक

समितिका संयोजकको निर्देशानुसार वा संयोजकको सहमति लिई तोकेको स्थान, मिति, समय र विषयमा आवश्यकतानुसार समितिको बैठक सदस्य-सचिवद्वारा बोलाइनेछ । त्यस्तो बैठकमा संयोजकसमेत एक तृतीयाँश वा सोभन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ । समितिको बैठक सामान्यतया वर्षको ४ पटक बस्नेछ ।

१.२.६. कार्यावधि तथा कार्यविधि

समितिको कार्यावधि जिल्ला कार्यसमितिको पदावधिअनुरूप बढीमा ४ वर्षको हुनेछ । शिक्षण संस्थाबाट मनोनीत जुनियर/युवा सदस्यहरूको १ वर्ष र समुदायबाट मनोनीत युवा सदस्यहरूको पदावधि २ वर्षको हुनेछ । समितिले नेपाल रेडक्रसको विधान तथा केन्द्रीय कार्यसमितिद्वारा प्रतिपादित नीति साथै जिल्ला कार्यसमितिको निर्देशनभित्र रही निर्णय लिने र त्यसको कार्यान्वयन गराउनेछ । यसका लागि समितिले आफ्नो कार्यविधि आफै निर्धारण गरी कार्यसमितिबाट स्वीकृति लिई लागू गर्नेछ ।

यस समितिले आफ्नो कार्यक्षेत्रका महत्वपूर्ण कार्यक्रमसम्बन्धमा छुट्टाछुट्टै सञ्चालक समिति, बोर्ड, उपसमिति, संयोजक गठन/मनोनयन गरी वा अन्य उत्तरदायी पदलाई अधिकार प्रत्यायोजन गरी कार्य गर्न/गराउन सक्नेछ । त्यसप्रकार अधिकार प्राप्त निकाय, संयोजक अधिकारीले समितिका संयोजकको स्वीकृतिबाट आफ्नो अनुपस्थितिमा आफूमा निहित जिम्मेवारी उपयुक्त व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## १.३. उपशाखास्तरीय जुनियर/युवा रेडक्रस समिति :

### १.३.१ गठन विधि

उपशाखास्तरमा ७ सदस्यीय जुनियर/युवा रेडक्रस उपशाखा समिति गठन गरिनेछ । गठन विधि यस प्रकार हुनेछः

संयोजक - उपशाखा कार्यसमितिका सदस्यहरूमध्येबाट उपशाखा कार्यसमितिद्वारा मनोनीत- १ जना

सदस्यहरू - (संयोजकको सिफारिसमा सभापतिबाट मनोनीत)

- उपशाखा कार्यसमितिका सदस्यहरूमध्येबाट - १ जना
- सर्कल संरक्षकहरूमध्येबाट - १ जना
- शिक्षक नायकहरूमध्येबाट - १ जना
- जुनियर/युवा सर्कलका पदाधिकारीहरूमध्येबाट - २ जना (छात्र १ जना र छात्रा १ जना)

सदस्य- सचिव - कर्मचारी वा उपशाखा कार्यसमितिबाट तोकिएको उपयुक्त व्यक्ति - १ जना

यस समिति उपशाखा कार्यसमितिप्रति जवाफदेही हुनेछ ।

### १.३.२ सामान्य कार्यविधि

क) जुनियर/युवा रेडक्रस सङ्गठन तथा गतिविधि,
ख) एड्स रोकथाम तथा प्रजनन स्वास्थ्य कार्यक्रम,
ग) स्वास्थ्य, सरसफाइ र सामुदायिक सेवा,
घ) जु.रे.स./यु.रे.स. परियोजनाहरू,
ङ) योजनिकाहरू,
च) प्राथमिक उपचार,
छ) नीति तथा कार्यनीतिले समेटेका अन्य क्षेत्रहरू ।

### १.३.३. विशेष कार्यविधि

क) बालबालिका तथा युवासम्बन्धी कार्यक्रम एवं बजेटअन्तर्गतका उपशाखास्तरीय कार्यक्रमहरू आवश्यकतानुसार सञ्चालन गर्ने/गराउने,
ख) जुनियर तथा युवा रेडक्रस विकास कार्यक्रम सञ्चालन गर्न कार्यक्रम क्षेत्र छनोट गर्न निर्णयार्थ उपशाखा कार्यसमितिलाई सिफारिस गर्ने,

ग) बालबालिका तथा युवा विकास कार्यक्रमका सन्दर्भमा आवश्यकतानुसार कार्यक्रमको अवधि थप वा स्थगन गर्न उपशाखा कार्यसमितिलाई सिफारिस गर्ने,

घ) जुनियर/युवा रेडक्रस सङ्गठन तथा कार्यक्रमको विकास र विस्तारका लागि सुपरिवेक्षण र अनुगमन गर्ने,

ङ) जुनियर तथा युवा सर्कलहरूको वार्षिक मूल्याङ्कन गरी उत्कृष्ट सर्कलहरूलाई पुरस्कार तथा प्रोत्साहन प्रदान गर्न उपशाखा कार्यसमितिलाई सिफारिस गर्ने,

च) उपशाखास्तरमा जुनियर तथा युवा रेडक्रससम्बन्धी नीति, नियम र निर्देशिकाहरू लागू गर्ने/गराउने ।

### १.३.४. काम, कर्तव्य र अधिकार

रेडक्रसका आधारभूत सिद्धान्त, आदर्श र दर्शनका साथै केन्द्रीय, जिल्ला तथा उपशाखा कार्यसमितिबाट प्रतिपादित नीति-नियमको अधीनमा रही उपशाखास्तरीय जुनियर/युवा रेडक्रस समितिको काम तथा कर्तव्य देहायबमोजिम हुनेछ :

क) नेपाल रेडक्रसको नीति र योजनाअनुरूप आफ्ना कार्यक्षेत्रअन्तर्गत उपशाखास्तरमा अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजना, कार्यक्रम वा परियोजना तयार पार्ने,

ख) आ-आफ्ना कार्यक्षेत्रका परियोजना र कार्यक्रमहरू सञ्चालनार्थ नीति तथा वार्षिक कार्यक्रम निर्धारण गर्ने एवं विनियमहरू बनाउने,

ग) केन्द्रीय, जिल्ला तथा उपशाखा कार्यसमितिद्वारा निर्धारित नीति, बजेट र प्रशासनिक बनोटअनुरूप आफ्ना कार्यक्षेत्रका परियोजना र कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन र सुपरिवेक्षण गर्ने,

घ) अन्य समितिहरूलाई आवश्यकतानुसार सहयोग र सल्लाह प्रदान गर्ने,

ङ) उपशाखा कार्यसमितिको बैठकमा समितिअन्तर्गतका गतिविधिहरूको प्रतिवेदन नियमित रूपले पेश गर्ने,

च) समितिको कार्यक्षेत्रभित्र पर्ने कुनै पनि विषयमा उपशाखा कार्यसमितिबाट समय-समयमा हुने निर्णयको पालना गर्ने,

छ) आफ्नो कार्यक्षेत्रभित्र पर्ने कुनै पनि कार्यक्रमका लागि नयाँ नीति निर्धारण गर्नु परेमा उपशाखा कार्यसमितिलाई सिफारिस गर्ने,

ज) जुनियर/युवा रेडक्रसको सङ्गठन, व्यवस्थापन र कार्यक्रमका लागि स्रोत परिचालन गर्ने तथा न्यूनतम सङ्गठनात्मक दायित्वहरू पूरा गर्ने/गराउने,

झ) विद्यालय तथा समुदायमा नेपाल जुनियर/युवा रेडक्रस सर्कल खोल्न प्रोत्साहन गर्ने र सकृय बनाउन सहयोग पुऱ्याउने,

ञ) उपशाखास्तरमा नेपाल जुनियर/युवा रेडक्रससम्बन्धी विषयहरूमा विभिन्न प्रकारका प्रशिक्षण कार्यक्रम, कार्यशाला, गोष्ठी, प्रदर्शनी आदिको आयोजना गर्ने,

ट) उपशाखा, जिल्ला शाखा र केन्द्रबाट प्राप्त सूचना तथा अन्य जानकारी सर्कलहरूमा पठाउने र त्यसरी नै सर्कलहरूबाट प्राप्त प्रतिवेदन, सूचना र अन्य जानकारी उपशाखा तथा जिल्ला शाखामा पठाउने,

ठ) सर्कलहरूलाई आवश्यक पर्ने सूचना शिक्षा तथा सञ्चार सामग्री अध्यावधिक एवं उपलव्ध गराउने,

ड) सर्कलहरूलाई योजनावद्धरूपमा अर्थ सङ्कलन कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गर्ने, प्रत्येक सर्कलको आर्थिक अवस्थाको जानकारी लिने र आवश्यकता परेमा कमजोर सर्कललाई आर्थिक सहयोगसमेत उपलव्ध गराउने,

ढ) प्रत्येक सर्कललाई वार्षिक कार्यतालिका बनाउन र सो अनुरूप कार्य गर्न प्रोत्साहित गर्ने,

ण) जुनियर/युवा रेडक्रस सर्कलको गठन, मूल्याङ्कन तथा आवश्यकताअनुसार निलम्बन र विघटन सम्बन्धमा उपशाखा कार्यसमितिलाई सिफारिस गर्ने ।

### १.३.५. बैठक

समितिका संयोजकको निर्देशानुसार वा संयोजकको सहमति लिई तोकेको स्थान, मिति, समय र विषयमा आवश्यकतानुसार समितिको बैठक सदस्य सचिवद्वारा बोलाइनेछ । त्यस्तो बैठकमा संयोजकसमेत एक तृतीयँश वा सोभन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ । समितिको बैठक सामान्यतया वर्षको ४ पटक बस्नेछ ।

### १.३.६. कार्यविधि तथा कार्यावधि

समितिको कार्यावधि उपशाखा कार्यसमितिको पदावधिअनुरूप बढीमा ४ वर्षको हुनेछ । शिक्षण संस्थाबाट  मनोनीत जुनियर/युवा सदस्यहरूको १ वर्ष र समुदायबाट मनोनीत युवा सदस्यहरूको पदावधि २ वर्षको  हुनेछ । समितिले नेपाल रेडक्रसको विधान तथा केन्द्रीय कार्यसमितिद्वारा प्रतिपादित नीति साथै जिल्ला एवम् उपशाखा कार्यसमितिको निर्देशनभित्र रही निर्णय लिने र त्यसको कार्यान्वयन गराउनेछ । यसका लागि समेत आफ्नो कार्यविधि आफै निर्धारण गरी कार्यसमितिबाट स्वीकृति लिई लागू गर्नेछ ।

यस समितिले आफ्नो कार्यक्षेत्रका महत्वपूर्ण कार्यक्रमसम्बन्धमा छुट्टाछुट्टै सञ्चालक समिति, बोर्ड, उपसमिति, संयोजक गठन/मनोनयन गरी वा अन्य उत्तरदायी पदलाई अधिकार प्रत्यायोजन गरी कार्य गर्न/गराउन सक्नेछ । त्यसप्रकार अधिकार

प्राप्त निकाय, संयोजक अधिकारीले समितिका संयोजकको स्वीकृतिबाट आफ्नो अनुपस्थितिमा आफूमा निहित जिम्मेवारी सान्दर्भिक व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## २) जुनियर/युवा रेडक्रस सर्कल

प्राथमिक, निम्नमाध्यमिक तथा माध्यमिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूद्वारा जुनियर रेडक्रस सर्कल गठन गर्न सकिनेछ । उच्च मा.वि., महाविद्यालय र विश्वविद्यालयका छात्र छात्राहरूका साथै समुदायका १६ देखि २५ वर्ष उमेर समूहका युवाहरूबाट युवा सर्कल गठन गर्न सकिनेछ । जुनियर/युवा सर्कलका सदस्यहरूलाई जुनियर/युवा स्वयम्सेवक भनिनेछ । सर्कलको सदस्यता र गठनविधि निम्नअनुसार हुनेछ :

### २.१. सदस्यता प्राप्ति र सर्कल गठनसम्बन्धी आधारभूत पूर्वाधार

क) जुनियर रेडक्रसको सदस्यताका लागि रू. १०।- (दश) र युवा रेडक्रसको सदस्यताका लागि रू.२५ ।- (पच्चीस) वार्षिक सदस्यता शुल्क तिरेर सदस्यता प्राप्त गर्नसकिनेछ । (सदस्यताको रसिदको नमूना अनुसूची २ क अनुसार हुनेछ । सहयोगवापत प्राप्त हुने आम्दानीका लागि भने रसिदको नमुना अनुसूची २ ख अनुसार हुनेछ ।)

ख) सर्कलका संरक्षक/शिक्षक नायकले सर्कलको सदस्यहरूलाई अनुसूची ३ मा उल्लेख भएअनुसार सदस्यताको प्रतिज्ञा गराउनुपर्नेछ ।

ग) न्यूनतम ५० जना सदस्य भएपछि सर्कल गठन गर्न सकिनेछ । तर शिक्षण संस्थामा तोकिएको विद्यार्थी सङ्ख्या नै ५० भन्दा कम भएमा पनि सर्कल गठन गर्न सकिनेछ ।

घ) सदस्यता प्राप्त जुनियर तथा युवाहरू साधारण सभाका सदस्य मानिने छन् ।

ङ) यसपछि बोलाइने साधारण सभाले यस निर्देशिकामा तोकिएबमोजिम ११ जनाको कार्यसमिति गठन गर्नेछ ।

### २.२. नेपाल जुनियर/युवा रेडक्रस सर्कल कार्यसमितिको स्वरूप

| | |
|---|---|
| अध्यक्ष - १ | उपाध्यक्ष - १ |
| सचिव - १ | उपसचिव - १ |
| कोषाध्यक्ष - १ | उपकोषाध्यक्ष - १ र सदस्य ५ जना |

## २.३. कार्यावधि

शिक्षण संस्थाका जुनियर/युवा सदस्यहरूको १ वर्ष र समुदायका युवा सदस्यहरूको पदावधि २ वर्षको हुनेछ ।

## २.४. गठन/पुनर्गठन प्रक्रिया

क) विद्यालयका विद्यार्थीहरू तथा समुदायका युवाहरूलाई एक ठाउँमा भेला गराई जिल्ला शाखा/उपशाखाका रेडक्रस प्रतिनिधि अथवा शिक्षकद्वारा जुनियर/युवा रेडक्रस बारे जानकारी गराउनुपर्नेछ ।

ख) रेडक्रसको परिचयात्मक कार्यक्रममा सहभागीहरू मध्येबाट तदर्थ समिति गठन गरी जुनियर/युवा रेडक्रसको सदस्यता अभियान सञ्चालन गरिनेछ । शिक्षण संस्थाका जुनियर/युवा रेडक्रस सर्कलको हकमा वार्षिक रूपमा र समुदायमा गठित युवा रेडक्रस सर्कलको हकमा दुई-दुई वर्षमा साधारण सभाबाट निर्वाचन गरी सर्कल गठन तथा पुनर्गठन गरिनेछ ।

ग) शिक्षण संस्थामा गठित सर्कलको संरक्षक प्र.अ./क्याम्पस प्रमुख/प्राचार्य हुनेछन् । सर्कलका क्रियाकलापलाई प्रभावकारी रूपमा सञ्चालन गर्न संरक्षकद्वारा नै एक जना इच्छुक, सक्रिय शिक्षकलाई सर्कलको शिक्षक नायक र एक जना सहयोगी शिक्षक नायक मनोनीत गरिनेछ ।

घ) सर्कल गठन भइसकेपछि संरक्षकले पदाधिकारी, शिक्षकनायक, सहयोगी शिक्षकनायक र सल्लाहकार समितिको नामावली र आबद्धता शुल्क जुनियर सर्कलको हकमा रू. ५०।- (पचास) तथा युवा सर्कलको हकमा रू.१००।- (सय) समावेश गरी उपशाखामा स्वीकृतिको लागि पठाउनुपर्नेछ । सर्कल पुनर्गठन (नवीकरण) को लागि समेत यही प्रकृया लागू हुनेछ तर आबद्धता शुल्क भने जुनियर सर्कलको हकमा रू. २५।- र युवा सर्कलको हकमा रू. ५०।- बुझाउनु पर्नेछ । (यस पत्रको नमूना अनुसूची ४ अनुसार हुनेछ ।)

ङ) हरेक वर्ष (शैक्षिक सत्र शुरू भएको दुई महिनाभित्र) साधारण सभाको आयोजना गर्नुपर्नेछ ।

च) हरेक वर्ष शैक्षिक सत्रको पहिलो दुई महिनाभित्र सदस्यता नवीकरण गर्नुपर्नेछ ।

छ) सर्कल गठन/पुनर्गठन हुनासाथ एउटा वार्षिक कार्यतालिका बनाउनुपर्नेछ । तालिकानुसार वर्षभरि आफ्नो कार्यक्रमको आयोजना गर्नुपर्नेछ । आयोजित कार्यक्रमको जानकारी उपशाखा भए उपशाखासहित जिल्ला शाखालाई दिनुपर्नेछ । (वार्षिक कार्यतालिको नमूना अनुसूची ५ मा छ ।)

ज) सर्कलमा छात्र र छात्रा सदस्यको सङ्ख्या सकभर सन्तुलन ल्याउने प्रयास हुनुपर्नेछ ।

झ) शिक्षण संस्थामा सर्कल गठन/पुनर्गठन गर्दा सकभर कक्षागत प्रतिनिधित्व गराउने प्रयास गर्नुपर्नेछ ।

ञ) निर्वाचन गराउन निर्वाचन अधिकृत प्र.अ. (प्रधानाध्यापक) बाट र समुदायमा उपशाखाबाट तोकिने छ ।

ट) हरेक सर्कलको नाममा बैङ्क खाता हुनुपर्नेछ । खाता सञ्चालनमा सकभर सर्कलकै अध्यक्ष, कोषाध्यक्ष र शि.ना. (शिक्षक नायक) मध्ये २ जनाको हस्ताक्षरद्वारा गर्ने र सो नभएमा संरक्षक र शि. ना.को हस्ताक्षरबाट गर्नुपर्नेछ । समुदायमा गठित सर्कलको हकमा अध्यक्ष, कोषाध्यक्ष र संरक्षक मध्ये २ जनाको हस्ताक्षरबाट खाता सञ्चालन गरिनेछ । रकम निकाशा र खर्चसम्बन्धी व्यवस्था रेडक्रस सर्कल कार्यसमितिको निर्णयबमोजिम हुनेछ ।

ठ) सर्कलको गठन जुनसुकै महिनामा भए पनि शैक्षिक सत्रको अन्त्यमा त्यसको कार्यावधि समाप्त हुनेछ र नयाँ कार्यसमिति नयाँ कार्यावधिको २ महिनाभित्र साधारण सभा गरी गठन गर्नुपर्नेछ ।

ड) सर्कलले गरेका कार्यक्रमहरूको प्रगति विवरणको प्रतिवेदन कम्तीमा पनि वर्षको चार पटक (त्रैमासिक रूपमा) उपशाखामा पठाउनु पर्नेछ र सोको बोधार्थ प्रति जिल्ला शाखामा पठाउनुपर्नेछ । (प्रतिवेदनको नमूना अनुसूची ६ मा दिइएको छ ।)

ढ) सर्कलको आय-व्यय पारदर्शी हुनुपर्नेछ । हरेक वर्ष लेखापरीक्षण गरी वार्षिक साधारण सभामा प्रस्तुत तथा पारित गराई सोको प्रमाणित प्रतिलिपि उपशाखा पठाउनुपर्नेछ । (आय-व्ययको नमूना अनुसूची ७ अनुसार राख्नु पर्नेछ ।)

ण) उपशाखा वा उपशाखा सम्पर्क समिति नभएको अवस्थामा वा निष्कृय भएमा सोको कारण स्पष्ट खोली जिल्ला शाखाले सर्कलसँग सोझै सम्पर्क लगायत सम्पूर्ण जिम्मेबारी बहन गर्न सक्नेछ । सर्कलले पनि सोहीअनुसार सम्पर्क, प्रतिवेदन तथा अन्य दायित्वहरू निर्वाह गर्नुपर्नेछ ।

त) युवा सर्कलको सदस्यलाई रेडक्रसको अन्य सदस्यता लिन बाधा पर्नेछैन । तर सदस्यता प्राप्त भएपश्चात् युवा सर्कलको सदस्यता स्वतः हट्नेछ । तर सर्कलमा सहयोगी भूमिका निर्वाह गर्न कुनै बाधा पुग्नेछैन ।

### ३) नेपाल जुनियर/युवा रेडक्रस सर्कल सभा

शिक्षण संस्थाका कुनै पनि विद्यार्थी साथै समुदायका तोकिएको उमेर समूहका युवा जुनियर/युवा रेडक्रसको सदस्य बन्न सक्दछन् । विधिवत् सदस्य बनेका कुनै सर्कलको सम्पूर्ण सदस्यलाई त्यस विद्यालय/महाविद्यालय/समुदायको नेपाल जुनियर/युवा रेडक्रस सर्कल सभा भनिन्छ । यस सभाले आफूमध्येबाट १ जना अध्यक्ष र १० जना सदस्यहरू मिली बनेको नेपाल जुनियर/युवा रेडक्रस सर्कलको कार्यसमितिको चुनाव सकभर सर्वसम्मत तरीकाले र सो नभएमा गोप्य मतदानद्वारा गर्नेछ । कार्यसमितिमा सकेसम्म सबै कक्षा र छात्र-छात्राहरूको प्रतिनिधित्व हुनुपर्नेछ । अध्यक्षले सदस्यहरूमध्येबाट १-१ जना उपाध्यक्ष, सचिव, उपसचिव, कोषाध्यक्ष र उप-कोषाध्यक्षको पदीय जिम्मेवारी तोक्नेछ । आवश्यकताअनुसार जुनियर/युवा रेडक्रस सदस्यहरूलाई सम्मिलित गराई अन्य उपसमितिहरूको पनि गठन गर्न सकिन्छ ।

नेपाल जुनियर/युवा रेडक्रस सर्कल सभा प्रत्येक वर्ष अनिवार्यरूपमा शैक्षिक सत्र प्रारम्भ भएको दुई महिनाभित्र एकपटक हुनुपर्नेछ जसमा नयाँ कार्यसमितिको गठन गरिनुको साथै सर्कलको वार्षिक प्रतिवेदन तथा वार्षिक कार्यक्रमको प्रस्तुति तथा अनुमोदन हुनेछ। यस्तै कोषाध्यक्षद्वारा वर्षभरिमा खर्च हुने भनी अन्दाज गरिएको आय-व्यय अनुमानित विवरण पनि पेश गर्नुपर्नेछ। सर्कल सभाले पारित गरेका निर्णयहरू कार्यसमितिको मुख्य मार्गदर्शक हुनेछन्। यसैगरी युवा रेडक्रस सर्कल सभा पनि आ-आफ्ना क्षेत्रमा सम्पन्न हुनेछन्।

समुदायमा गठित युवा रेडक्रस सर्कलको कार्यकाल २ वर्षको हुने हुँदा कार्यसमितिको निर्वाचन सोहीअनुसार हुनेछ।

### ४) जुनियर/युवा रेडक्रस सल्लाहकार समिति

सर्कलमा क्याम्पस प्रमुख/प्रधानाध्यापकको भूमिका संरक्षकको रूपमा रहनेछ। संरक्षकले आफ्नो संयोजकत्वमा वा तोकेको शिक्षकको संयोजकत्वमा कम्तीमा ३ जनाको सर्कल सल्लाहकार समितिको गठन गर्नेछन्। यस समितिले विद्यालयका जु.रे./यु.रे. सर्कलका गतिविधि र कार्यक्रम व्यवस्थित र सक्रिय तुल्याउन आवश्यक सरसल्लाह र सहयोग दिनेछ। समुदायमा गठित युवा रेडक्रस सर्कलमा जिल्ला शाखा वा उपशाखाले तोकेको व्यक्ति संरक्षक रहनेछ र निजको संयोजकत्वमा वा निजले तोकेको व्यक्तिको संयोजकत्वमा ३ सदस्यीय सल्लाहकार समितिको गठन गरिनेछ।

### ५) नेपाल जुनियर/युवा रेडक्रस सर्कल कार्यसमितिको बैठक सञ्चालन कार्यविधि

क) जुनियर/युवा रेडक्रस सर्कलको नियमित बैठक महिनामा एकपटक बस्नुपर्नेछ।

ख) अध्यक्षसँग परामर्श गरी सचिवले सर्कल कार्यसमितिको बैठक बोलाउनेछन्। बैठकमा छलफल गरिने विषयहरू **(Agenda)** सहितको सूचना अग्रीमरूपमा हरेक सदस्यलाई जानकारी गराउनुपर्नेछ।

ग) कुनै पनि कार्यसमितिको सदस्यले नयाँ विषय प्रस्ताव गर्न चाहेमा बैठक हुनुभन्दा अगावै अध्यक्ष वा सचिवसमक्ष प्रस्ताव दिनुपर्छ। त्यसो गर्न नभ्याउने भएमा बैठकमै त्यस्तो प्रस्ताव लिखितरूपमा प्रस्तावित गर्नुपर्छ र यदि कार्यसमितिको बहुमतले सो प्रस्तावमा छलफल गर्नु आवश्यक छ भन्ने निर्णय गरेमा मात्र त्यसलाई विषयसूचीको रूपमा छलफल गरी निर्णय लिइनेछ।

घ) बैठक अध्यक्षको र निजको अनुपस्थितिमा उपाध्यक्ष वा निज पनि नभए उपस्थितमध्येबाट एक जना छानिएका पदाधिकारी/सदस्यको अध्यक्षतामा सञ्चालन हुनेछ। एक तिहाइभन्दा बढी उपस्थितिलाई बैठकको गणपूरक सङ्ख्या **(Quorum)** मानिनुपर्छ र बैठक सञ्चालन गर्न गणपूरक सङ्ख्या पुग्नु

अत्यावश्यक छ । लगातार तीन पटकसम्म पनि गणपूरक संख्या नपुगेको खण्डमा जतिसुकै सदस्यहरू उपस्थित भए तापनि बैठक सञ्चालन गर्न सकिनेछ ।

ङ) बैठकमा विषयसूचीमा छलफल हुनुभन्दा पहिले अघिल्लो बैठकले गरेका निर्णयहरू कार्यान्वयन भए नभएको समीक्षा गर्नुपर्छ ।

च) बैठकमा छलफल गर्दा सबैले अध्यक्षलाई सम्बोधन गरेर बोल्नुपर्छ ।

छ) बोल्न चाहने सदस्यले अध्यक्षलाई जनाउ दिएर बोल्नुपर्छ र दुई जनाले एकसाथ बोल्न चाहेमा अध्यक्षले अनुमति दिएको व्यक्तिले मात्र पहिले बोल्न पाउँछ ।

ज) प्रस्तावहरूमा छलफल हुँदा सकेसम्म प्रस्तावलाई सर्वसम्मतिबाट पास गर्ने प्रयास गर्नुपर्छ । सो सम्भव नभई वाद-विवाद लम्बिने सम्भावना हुन आयो भने अध्यक्षले सो प्रस्तावमा मत लिनेछन् र बहुमतको राय मुताविक प्रस्ताव पारित भएपछि सो अनुसार सबै सदस्यहरूले काम गर्नुपर्छ ।

झ) बैठकमा कुनै पनि विषयमा मत लिँदा अध्यक्षले पहिले नै मत दिनु हुँदैन । यदि मत बराबर हुन आएको खण्डमा मात्र अध्यक्षले निर्णायक मत दिन सक्नेछन् ।

ञ) कार्यसमितिको बैठकसम्बन्धी सबै जानकारी शिक्षक नायकलाई हुनुपर्छ । बैठकमा आवश्यकता हेरी शिक्षक नायक उपस्थित हुनेछन् र आवश्यक निर्देशन दिन सक्नेछन् ।

ट) यसबाहेक आवश्यकताअनुसार संरक्षक एवं अन्य प्रतिष्ठित व्यक्तिलाई पनि बैठकमा भाग लिन विशेष रूपमा आमन्त्रित गर्न सकिनेछ ।

ठ) यदि कार्यसमितिको कुनै पदाधिकारी वा सदस्य विनासूचना लगातार तीन पटकसम्म बैठकमा उपस्थित नभएमा त्यस्तो पदाधिकारी वा सदस्यलाई कार्यसमितिबाट हटाउन सकिनेछ र सोको पदपूर्ति शिक्षक नायकलाई सूचना दिई एक महिनाभित्र निर्वाचनबाट गराइसक्नुपर्नेछ ।

ड) बैठकमा गरिएका निर्णयहरू लेख्नका लागि निर्णय अभिलेख पुस्तिका (**Minute Book**) हुनुपर्छ ।

## ६) जुनियर/युवा रेडक्रस सर्कलका पदाधिकारीको काम-कर्तव्य

### क) संरक्षक

१) आफ्नो विद्यालयमा सर्कलको गठन/पुनर्गठनमा सहयोग पुऱ्याउने,

२) शिक्षक नायक, सहशिक्षक नायक एवं सल्लाहकार समितिका सदस्यहरूको मनोनयन गर्ने,

३) सर्कलको साधारण सभा गराउन पहल गर्ने

४) कार्यसमितिको निर्वाचन अधिकृत तोक्ने,

५) सर्कलको संस्थागत विकास अभिवृद्धि गर्न उपशाखा/शाखा एवं स्थानीय निकायमा समन्वय गर्ने

ख) शिक्षक नायक/सहयोगी शिक्षक नायक

१) सर्कलको सहजकर्ताको रूपमा भूमिका निर्वाह गर्ने,
२) सर्कललाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा नेतृत्व प्रदान गर्ने
३) सर्कलले गरेका कार्यहरूको रेखदेख गर्ने
४) सर्कललाई आवश्यक निर्देशन, सुझाव र सल्लाह प्रदान गर्ने
५) सर्कलका सदस्यहरूलाई हरेक गतिविधिमा सक्रियता (**Initiative**) लिन लगाउने र उनीहरूलाई नै सर्कलको व्यवस्थापन एवं गतिविधिमा नेतृत्व वहन गर्न सहयोग पुऱ्याउने,
६) सर्कललाई मार्ग-निर्देशन गर्ने वा सचेतक (**whip**) को भूमिका निर्वाह गर्ने ।

शिक्षक नायकको अनुपस्थितिमा निजको काम-कर्तव्य सहयोगी शिक्षकनायकले गर्नेछन् । निजको उपस्थितिमा सहयोगी शिक्षक नायकले शिक्षक नायकको काममा सहयोग पुऱ्याउनेछन् । शिक्षक नायक एवं सहयोगीशिक्षक नायकले नेपाल रेडक्रस सोसाइटीको सदस्यता ग्रहण गर्नुपर्नेछ ।

ग) अध्यक्ष :

१) सर्कललाई सम्पूर्ण किसिमबाट नेतृत्व प्रदान गर्ने ।
२) सर्कल कार्यसमितिको बैठकको लागि सचिवलाई परामर्श तथा निर्देशन दिने ।
३) सर्कल सभा र बैठकको अध्यक्षता गर्ने ।
४) बैठकका विषयसूचीलाई अनुमोदन गराई क्रमिकरूपमा छलफलका लागि प्रस्तुत गर्ने ।
५) सर्कलका हरेक गतिविधिहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
६) सर्कलको कार्यक्रम विस्तार गर्न स्रोत सङ्कलन तथा परिचालन गर्न सम्बद्ध पक्षसँग समन्वय गर्ने ।
७) उपशाखा/शाखाको निकटतम समन्वयमा रही कार्य गर्ने ।
८) सर्कलको सदस्यता तथा सेवा विस्तारका लागि आवश्यक पहल गर्ने ।

घ) उपाध्यक्ष :

अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै काम उपाध्यक्षले गर्नुपर्छ । अध्यक्ष उपस्थित भएको समयमा अध्यक्षले गर्ने काममा उपाध्यक्षले सघाउ पुऱ्याउनुपर्छ । उपाध्यक्षले अध्यक्षको परिपूरकको भूमिका निर्वाह गर्ने छ ।

ङ) सचिव :

१) अध्यक्षको अनुमति लिएर कार्यसमितिको बैठक बोलाउने,
२) कार्यसमितिको बैठक भएको समयमा बैठकमा भएका छलफल र निर्णयहरू टिप्ने, बैठकद्वारा पारित गराउने,
३) प्रत्येक शैक्षिक सत्रको अन्तमा अध्यक्षको निर्देशन वा परार्मशमा जुनियर/युवा रेडक्रस सर्कलको सभा बोलाई त्यसमा वार्षिक प्रगति प्रतिवेदन तथा वार्षिक कार्यक्रम प्रस्तुत गर्ने,
४) सर्कलसम्बन्धी सबै प्रकारका सूचना प्रवाह तथा पत्राचार गर्ने,
५) आय-व्यय तन्दुरूस्त राख्नमा कोषाध्यक्षलाई सघाउने,
यस बाहेक सचिवले सर्कलसम्बन्धी तलका कुरामा विशेष ध्यान दिनुपर्नेछ :
- कार्य समितिको बैठक बोलाउँदा बैठक हुनुभन्दा चौबीस घण्टा अगाडि थाहा पाउने गरी बैठक हुने स्थान, मिति, समय र विषय तोकी सूचना दिनुपर्नेछ ।
- नेपाल रेडक्रसका उपशाखा, जिल्ला शाखा तथा केन्द्रीय कार्यालयमा प्रत्येक ३ महिनामा पठाउनुपर्ने प्रगति प्रतिवेदन यथा समयमा तयार गरी अध्यक्ष र शिक्षक नायकको सहमति लिई पठाउनुपर्नेछ ।

च) कोषाध्यक्ष :

सर्कलको हिसाब किताब सबैले स्पष्ट बुझ्ने गरी राख्ने काम कोषाध्यक्षको हो । कोषाध्यक्षले नै विभिन्न कार्यहरूमा भएको खर्चको विवरण नियममुताविक राखी कार्यसमितिको बैठकमा समय-समयमा स्वीकृत गराउनुपर्छ । शैक्षिक सत्रको शुरूमा त्यस वर्षमा खर्च हुने भनी अन्दाज गरिएको आय-व्ययको अनुमानित विवरण साधारण सभा (अर्थात जुनियर/युवा रेडक्रस सर्कल सभा) मा पेश गर्नुपर्छ र शैक्षिक सत्रको अन्तमा त्यस वर्षभरि भएको आय-व्ययको लेखा परीक्षण गराई सोको प्रतिवेदन साधारण सभामा पेश गर्ने काम पनि कोषाध्यक्षको नै हुन्छ ।

छ) सदस्यहरू :

१) आफ्नो योग्यता र क्षमता प्रदर्शन गरेर सर्कललाई बढी सकिय र बढी सेवामूलक बनाउनमा अहम् भूमिका निर्वाह गर्ने ।
२) समितिको बैठकमा उपस्थित हुने , बैठकमा प्रस्तुत विषयमा सकृय योगदान पुऱ्याउने र निर्णयअनुरूप कार्यान्वयनमा सहयोग पुऱ्याउने ।
३) रेडक्रसका सिद्धान्त र आदर्शअनुरूपका आचरण तथा गतिविधिहरूको प्रवर्द्धन गर्ने ।

४) सर्कलले तय गरेका कार्यक्रमहरू सञ्चालनका लागि सकृय रूपमा संलग्न रहने ।

५) सर्कलबाट आयोजना हुने तालिम, गोष्ठी, शिविर आदिमा सहभागी तथा सहयोगीको भूमिका निर्वाह गर्ने ।

६) सर्कलको स्रोत सङ्कलन तथा व्यवस्थापनका लागि आवश्यक सहयोग गर्ने ।

७) रेडक्रस आभियानअन्तर्गत सञ्चालन गरिने सेवामूलक तथा प्रचारात्मक कार्यक्रममा संलग्न हुने र अरूलाई पनि संलग्न गराउने ।

## ख) कार्यक्रमसम्बन्धी कार्यप्रणाली

जुनियर/युवा रेडक्रसको उद्देश्य, नीति, रणनीति, कार्यक्षेत्रका साथै यसको सङ्गठनका सञ्जालहरूलाई संस्थागतरूपमा परिचालन गरी अपेक्षित उपलब्धि हासिल गर्न अधिराज्यभर कार्यक्रमहरूमा एकरूपता र स्पष्टता ल्याई कार्यान्वयनमा सघाउ पुऱ्याउन कार्यक्रमसम्बन्धी कार्यप्रणालीको व्यवस्था गरिएको छ।

जुनियर/युवा रेडक्रसको नीति एवं कार्यप्रणालीअनुरूप जुनियर/युवा रेडक्रसको केन्द्रीयदेखि सर्कल तहसम्म गरिने विशेष कार्यक्रमहरूका सम्बन्धमा आवश्यकतानुसार छुट्टाछुट्टै कार्यप्रणाली बनाउन सकिने छ।

## १) जीवन रक्षा तथा स्वास्थ्य सुरक्षा

### १.१. उद्देश्यः

क) जुनियर/युवा रेडक्रस सदस्यहरूलाई महामारी तथा संक्रामक रोगहरूबारे बचावट, प्रबर्धनात्मक तथा उपचारात्मक क्षेत्रमा ज्ञान तथा सीपको अभिवृद्ध गरी रोकथामका लागि परिचालन गर्ने,
ख) वातावरणीय सफाइ, स्वच्छ खानेपानीबारे ज्ञान तथा सीपको अभिवृद्ध गरी व्यक्तिगत तथा वातावरणीय सरसफाइको प्रवर्धन गर्ने
ग) जुनियर/युवाहरूमा प्राथमिक उपचारसम्बन्धी ज्ञान तथा सीप प्रदान गरी आकस्मिक सेवाका लागि परिचालन गर्ने,

### १.२. अपेक्षित उपलब्धिहरू:

क) समुदायमा महामारी तथा संक्रामक रोगहरूको संक्रमण दर तथा यसका प्रभाव घटनेछन्।
ख) बालबालिका तथा युवा वर्गहरूमा व्यक्तिगत सरसफाइ तथा स्वस्थ रहने बानीको विकास हुनेछ।
ग) विद्यालय तथा समुदायका सदस्यहरूमा प्राथमिक उपचारको पहुँच बढ्नेछ।

१.३. कार्यक्षेत्रहरू:

क) एच.आइ.भी र एड्स रोकथाम (कार्यक्रम तर्जुमा, प्रशिक्षण, सूचना शिक्षा तथा सञ्चार सामाग्रीहरूको निर्माण, आधारभूत सर्वेक्षण/मूल्याङ्कन तथा पुनरावलोकन गोष्ठी)
ख) बिभिन्न संक्रामक रोगहरू (झाडापखाला, निमोनिया, खोप अभियान, कालाज्वर, मष्तिक ज्वरो) बारे जनचेतना अभियान
ग) स्वच्छ खानेपानी तथा वातावरणीय सफाइ र वृक्षारोपण
घ) शिविरहरू (आँखा, स्वास्थ्य परीक्षण आदि)
ङ) प्राथमिक उपचार
च) दुर्घटनाको रोकथाम
छ) रक्तदान शिविर तथा रक्तदाताहरूका लागि अभिप्रेरणा
ज) एम्बुलेन्स तथा स्ट्रेचर सेवा
झ) महामारीजन्य रोगहरू जस्तैः सार्स, प्लेग......

२) सेवा तथा ऐक्यबद्धता

२.१. उद्देश्य :

क) बालबालिका, युवावर्ग तथा समुदायका सदस्यहरूको मानवीय सेवाहरूमा पहुँच बढाउने,
ख) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आइपर्ने मानविय विपत्तिहरूमा सहयोगका लागि ऐक्यबद्धता बढाउने,
ग) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आइपर्ने मानवीय विपत्तिहरू कम गर्न सहयोगका लागि जुनियर/युवा सदस्यहरूलाई परिचालन गर्ने,

२.२. अपेक्षित उपलब्धिहरू:

क) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आइपर्ने मानवीय विपत्ति कम गर्न सहयोग गर्ने बानीको विकास हुनेछ ।
ख) समुदायमा मानवीय विपत्ति कम गर्न सहयोग बढ्नेछ ।
ग) समुदायमा मानवीय विपत्तिको असर कम हुनेछ ।

२.३. कार्यक्षेत्रहरू

क) दैवी प्रकोप पीडित, उद्धार तथा राहत (प्रशिक्षण, सूचना, शिक्षा तथा सञ्चार सामाग्रीहरूको निर्माण)
ख) सामुदायिक सेवा (पुस्तकालय, स्रोत केन्द्र)
ग) स्रोत सङ्कलन तथा व्यवस्थापन (देउसी, भैलो/मुठी दान)
घ) सेवा तथा सहयोग कार्यक्रम( टुहुरा, बालक, वृद्ध, असहाय, द्वन्द्व पीडित)
ङ) योजनिका (सर्कल/सर्कल, जिल्ला/जिल्ला बीच आपसी सहयोगका साना योजनाहरू)
च) साक्षरता (बाल साक्षरता र प्रशिक्षण, प्रौढ साक्षरता) कक्षा, प्रशिक्षण

## ३) स्थानीय, राष्ट्रिय अन्तर्राष्ट्रिय मित्रता, समझदारी र शान्तिका लागि शिक्षा

३.१. उद्देश्यः

क) जुनियर/युवा रेडक्रस सदस्यहरूको स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा मित्रता र समझदारी बढाउने,
ख) मित्रता र समझदारी बढाउनका लागि जुनियर युवा रेडक्रस सदस्यहरूलाई परिचालन गर्ने,
ग) शान्ति, सहयोग, सौहार्दताका लागि जुनियर/युवा रेडक्रस सदस्यहरूमा मानवीय भावनाको विकास गरी सोको निम्ति उनीहरूलाई परीचालन गर्ने ।

३.२. अपेक्षित परिणामहरू :

क) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा आपसी ज्ञान, सीप तथा संस्कृतिको आदान-प्रदान हुनेछ,
ख) आपसी ज्ञान, सीप तथा संस्कृतिको आदान-प्रदानका लागि सहयोग बढ्नेछ,
ग) समुदायमा शान्ति, सहयोग तथा सौहार्दतापूर्ण व्यवहारको विकास हुनेछ,
घ) अन्य राष्ट्रिय सोसाइटीहरूसँगको सहयोग तथा साझेदारीको वृद्धि हुनेछ ।

३.३. कार्यक्षेत्रहरूः

क) सामग्री विनिमय (अल्बम, गीत, हस्तकला, चित्रकला, प्रकाशन, डकुमेन्ट्री)
ख) स्वंसेवक, जुनियर युवा रेडक्रस सदस्यहरूको विनिमय (स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय)
ग) अध्ययन भ्रमण (जिल्ला एवं सर्कल स्तरमा)
घ) अन्तर्राष्ट्रिय शिविर, सभा सम्मेलनमा सहभागिता

ङ) प्रतियोगिता (चित्रकला ....)
च) मनोरञ्जन कार्यक्रम

## ४. अन्तर्राष्ट्रिय मानवीय कानून, मानवीय मूल्यको प्रवर्द्धन र रेडक्रस सिद्धान्तको प्रचार–प्रसार

### ४.१. उद्देश्यहरू :

क) द्वन्द्वको समयमा सम्बन्धित पक्षबाट आम नागरिक र सार्वजनिक तथा पुरातात्विक संरचनाहरू क्षति हुनबाट बचाउने र सामान्य परिस्थितिमा यससम्बन्धी चेतना अभिवृद्धि गर्ने ।
ख) लक्षित समुदायमा रहेका सबै किसिमका हेयभाव र भेदभाव घटाउने ।
ग) रेडक्रसकर्मीहरूमा रेडक्रस सिद्धान्तमा निष्ठा बढाउने र अन्य पक्षहरूमा रेडक्रस सम्बन्धी ज्ञानको अभिवृद्धि गर्ने ।

### ४.२. अपेक्षित परिणामहरू :

क) गैरसैनिक नागरिकहरूको जीवन सुरक्षाको प्रवर्द्धन हुनेछ ।
ख) सार्वजनिक तथा पुरातात्विक संरचनाको क्षतिमा कमी आउनेछ ।
ग) सम्बद्ध पक्षहरू, आम नागरिक (विशेष गरी युवाहरू) अन्तर्राष्ट्रिय मानवीय कानूनसम्बन्धमा सुसूचित हुनेछन्
घ) लक्षित समुदायमा सामाजिक विभेद कम हुनेछ ।
ङ) सामाजिक अन्तरसम्बन्ध सुमधुर हुनेछ ।
च) रेडक्रस गतिविधिहरूका सम्बद्ध पक्षहरूमा निष्पक्षता, तटस्थता र स्वयंसेवाको भावना प्रवर्द्धन हुनेछ।
छ) रेडक्रस गतिविधिमा संलग्नता र रेडक्रस सेवाहरूको पहुँच बढ्नेछ ।

### ४.३. कार्यक्षेत्रहरू

क) अन्तर्राष्ट्रिय मानवीय कानूनको प्रचार–प्रसार (प्रशिक्षण, अभिमुखीकरण)
ख) रेडक्रस चिह्नको सदुपयोगमा प्रचार–प्रसार र अभिमत सृजना । (प्रकाशन, अन्तरक्रिया, सञ्चार अभियान) (रेडक्रसको चिह्न अनुसूची ८ मा दिए अनुसार हुनेछ)
ग) हेयभाव र भेदभाव विरूद्धको अभियान (सामाजिक परिचालन, अन्तरक्रिया, सञ्चार अभियान, प्रकाशन, सडक नाटक)

## ५) प्रकोप व्यवस्थापन :

### ५.१. उद्देश्यहरू :

क) महामारी एवम् प्राकृतिक प्रकोपबाट हुने क्षति न्यून गर्न वा रोकथाम गर्नका लागि पूर्व तयारी, न्यूनीकरण, राहत तथा उद्धार र पुनर्स्थापन एवम् पुनर्निर्माणमा सहयोग पुऱ्याउने ।

ख) द्वन्द्व एवम् आकस्मिक दुर्घटनाबाट प्रभावितहरूलाई उद्धार एवम् राहत सेवा पुऱ्याउने ।

### ५.२. अपेक्षित परिणाम :

क) लक्षित समुदाय संभावित महामारी तथा प्राकृतिक प्रकोपबाट हुने प्रभावलाई रोकथाम न्यूनीकरण गर्न तयार हुनेछ ।

ख) प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहत सेवामा तीव्रता आउनेछ ।

ग) प्राकृतिक प्रकोप क्षेत्रलाई सामान्य अवस्थामा पुऱ्याउन सहयोग पुग्नेछ ।

घ) द्वन्द्व प्रभावित समुदाय, विशेष गरी महिला र बालबालिकाले मनोवैज्ञानिक, सामाजिक र मानवीय सहयोग प्राप्त गर्नेछन् ।

### ५.३. कार्यक्षेत्रहरू

क) प्रकोपको व्यवस्थापन, कार्यक्रम सञ्चालन गर्न क्षमता अभिवृद्धि (शिक्षा, प्रशिक्षण, कार्यशाला र अध्ययन भ्रमण ।)

ख) प्रकोपको सम्भाव्यता र प्रभाव सर्वेक्षण (आधारभूत तथा अन्तिम)

ग) सूचना व्यवस्थापन

घ) स्रोत व्यवस्थापन (योजना, सङ्कलन, वितरण, स्वयंसेवक परिचालन)

ङ.) प्राथमिक उपचार प्रशिक्षण एवं सेवा गतिविधि

च) प्रकोप व्यवस्थापन शिक्षा (सूचना, शिक्षा सञ्चार सामाग्री विकास एवं प्रयोग)

छ) मनोवैज्ञानिक र सामाजिक सहयोग (आर्थिक, सामाजिक, परामर्श दिने) ।

## ६) क्षमता अभिवृद्धि र सङ्गठन विकास

### ६.१. उद्देश्यहरू :

क) जुनियर/युवा रेडक्रस सदस्यहरूको व्यवस्थापकीय र मानवीय सेवा सम्बन्धी ज्ञान र सीपको अभिवृद्धि गरी स्वयंसेवी भावना र असल आचरणमा वृद्धि गर्ने ।

ख) जुनियर/युवा रेडक्रसलाई विस्तार गरी तिनीहरूलाई संस्थागत गर्ने ।

## ६.२. अपेक्षित परिणाम

क) जुनियर/युवा रेडक्रस स्वयंसेवकहरूबाट प्रदान गरिने सेवाहरूमा सङ्ख्यात्मक वृद्धि र गुणात्मक सुधार हुनेछ ।
ख) स्थानीयस्तरसम्म सेवा तथा विकास कार्यको प्रभावकारी संरचना शैक्षिक संस्था एवं समुदायमा तयार हुनेछ र युवा स्वयंसेवकहरू परिचालित हुनेछन् ।
ग) सङ्कटाभिमुख समुदायमा मानवीय सेवा प्रभावकारीरूपमा उपलब्ध हुनेछ ।
घ) जुनियर/युवा रेडक्रस गतिविधिहरूको योजनाबद्ध सञ्चालन, दिगोपना सुनिश्चिततामा सुधार आउने र रेडक्रसको भावी नेतृत्वमा योगदान पुग्नेछ ।
ङ) जुनियर/युवा रेडक्रसका विविध गतिविधिहरूमा समन्वय, सहकार्य र साझेदारी बढ्नेछ ।

## ६.३. कार्यक्षेत्रहरू :

क) क्षमता अभिवृद्धिका लागि रेडक्रस अभिमुखीकरण, प्रशिक्षण, गोष्ठी, कार्यशाला अध्ययन भ्रमण (स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय) आदि ।
ख) सङ्गठन विस्तार र सङ्गठनात्मक विकास अभिमुखीकरण सर्कल गठन र पुनर्गठन, साधारण सभा, प्रशिक्षणहरू,: व्यवस्थापन र सङ्गठनसँग सम्बन्धित ।
ग) योजनाबद्ध कार्यक्रम वार्षिक, अल्पकालीन र दीर्घकालीन योजना तर्जुमा र सञ्चालन ।
घ) जुनियर/युवा रेडक्रस व्यवस्थापन र यसका न्यूनतम गतिविधिहरू सञ्चालन ।
ङ.) समन्वय, सहकार्य, सञ्जाल र साझेदारी ।
(जुनियर/युवा रेडक्रसका निकायबाट वार्षिकरूपमा सञ्चालन गर्नुपर्ने न्यूनतम गतिविधिहरू र गोष्ठीमा समावेश हुने न्यूनतम विषयवस्तुहरू अनुसूची - ९ मा उल्लेख गरिएको छ ।)

## खण्ड इ
## कार्यक्रम सञ्चालन प्रक्रिया

जुनियर/युवा रेडक्रसको उद्देश्य, नीति, रणनीति र कार्यक्षेत्रमा उल्लेख गरिएका कार्यक्रमहरूबाट अपेक्षित उपलब्धिहरू हासिल गर्नका लागि सबै तह र कार्यक्रमहरूको कार्यक्रम क्षेत्र छनोटका आधार, कार्यान्वयनसम्बन्धी योजना, समन्वय, जिम्मेवारीलगायत व्यवस्थापन पक्षका प्रक्रियाहरू स्पष्ट उल्लेख गरी त्यसलाई अवलम्बन गर्न आवश्यक भएको हुँदा यस खण्डमा सो बारेमा उल्लेख गरिएको छ ।

### १) कार्यक्रम क्षेत्र छनोटका आधार

जुनियर/युवा रेडक्रसअन्तर्गत यस नीति तथा कार्यप्रणालीअनुरूप सञ्चालन गरिने कार्यक्रमको भौगोलिक क्षेत्र छनोट गर्दा निम्न अनुसारका आधारहरूलाई अवलम्बन गरिनेछ:

क) आवश्यकता र प्राथमिकता
ख) सङ्कटाभिमुखता
ग) उपशाखा, शाखाको तत्परता
घ) सर्कल तत्परता र क्षमता
ङ) स्रोत र साधनको उपलब्धता
च) समुदायको स्वीकार्यता
छ) सम्भाव्यता
ज) जुनियर/युवा रेडक्रस सदस्यहरूको परिचालनको सम्भावना
झ) दिगोपनाको सम्भावना

### २) कार्यान्वयनसम्बन्धी योजना

कुनै निश्चित शिक्षण संस्था तथा समुदायमा कार्यक्रम सञ्चालन गर्ने भौगोलिक कार्यक्षेत्र निर्धारण भएपछि सर्कललगायत सम्बद्ध पक्षहरू जस्तै प्र.अ., शि.ना., संचालक समिति, उपशाखा आदि बसेर विस्तृत कार्ययोजना तयार गरिनेछ । यस प्रकृयामा सर्कल, उपशाखा, शाखा तथा केन्द्रको आवश्यकताअनुसार संलग्नता रहनेछ । कार्ययोजनामा निम्न विषय समेटिनुपर्नेछ :

कार्यक्रमको नाम
कार्यक्रमको सञ्चालन अवधि
कार्यक्रमको सञ्चालन क्षेत्र (विद्यालय र समुदाय)
कार्यक्रमको समय तालिका (**Calendar of operation**)
कार्यक्रमको आवश्यक सामग्री, साधन, स्रोत (प्रशिक्षण आदि)
कार्यक्रमको जिम्मवारी
कार्यक्रमको बजेट विवरण

३) समन्वय

जुनियर/युवा रेडक्रसबाट सञ्चालन हुने गतिविधिहरूमा प्रभावकारिता ल्याउन विभिन्न तहमा सम्बद्ध पक्षहरूसँगको समन्वयलाई बढाइनेछ । सोको निम्नानुसार कार्य सञ्चालन हुनेछ ।

क) आन्तरिक

नेपाल रेडक्रस सोसाइटी अन्तर्गतका विभिन्न निकायहरू जस्तैः केन्द्र/विभाग, जिल्ला शाखा, उपशाखा तथा सर्कलस्तरमा सञ्चालन हुने कार्यक्रमहरूमा निम्नानुसार समन्वय गरिनेछ ।

क.१. केन्द्रीय समिति/विभाग

- विभागअन्तर्गत सञ्चालित विभिन्न कार्यक्रम गतिविधिहरूबीच समन्वय गर्ने,
- रेडक्रसका निकाय तथा कार्यक्रमगत समन्वय गर्ने,
- रेडक्रसका विभिन्न निकायहरूबाट संचालित गतिविधिहरूमा न्यूनतम जुनियर युवा रेडक्रस सङ्गठन गतिविधिहरू समावेश गर्न पहल गर्ने,

क.२. जिल्ला स्तर/उपशाखा/सर्कल स्तर

१) जिल्ला, उपशाखा र सर्कल स्तरमा पनि संचालित गतिविधिहरूको समन्वय,
२) जिल्लास्तर, उपशाखा तथा सर्कलस्तरका विभिन्न उपसमितिहरूबीच समन्वय गर्ने,
३) जिल्ला शाखा, उपशाखा सर्कलबाट जुनियर/युवा रेडक्रस ज्ञान तथा न्यूनतम बैधानिक दायित्वमाथि छलफलका लागि पहल गर्ने,
४) जिल्ला तथा सर्कलमा सञ्चालन गरिने गतिविधिहरूमा सदस्यहरूको सहभागिता गराउने,
५) कार्यक्रममा लैङ्गिक समानतामा जोड दिने,

ख) बाह्यस्तरमा

जुनियर/युवा रेडक्रस नीति एवं कार्यप्रणाली निर्देशिकाअनुसार विभिन्न केन्द्रीय, जिल्लास्तरीय साथै स्थानीय स्तरमा कार्यक्रम सञ्चालन एवं सेवा अभिवृद्धि गर्नको लागि विभिन्न निकायहरू जस्तै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, सरकारी तथा गैरसरकारी संस्थाहरुसँग विभिन्न स्तरमा समन्वय गर्न सकिने छ । स्थानीय/सर्कल/उपशाखा एवं

जिल्लास्तरमा गरिने सम्झौता एवं सहमतिहरू गर्नु अगावै केन्द्रको सहमति एवं सिफारिस लिनुपर्नेछ ।

## ४. योजना निर्माण

क) सहभागितामूलक योजना( केन्द्र, जिल्ला, उपशाखा तथा सर्कल स्तरमा)
ख) हरेक कार्यक्रमको योजना गर्दा जुनियर/युवा रेडक्रसका न्यूनतम गतिविधिहरूलाई समावेश गर्ने,
ग) बालबालिका तथा युवा वर्गका आवश्यकता तथा चाहनालाई समेट्ने योजना बनाउनुपर्ने,
घ) कार्यक्रमको योजना बनाउँदा नीतिगत क्षेत्रअनुरूप हुनुपर्ने,
ङ) सम्बन्धित निकायअर्न्तगतका कार्यक्रमहरूमा तालमेल हुनुपर्ने,
च) साझा सरोकारका विषयहरूलाई समावेश गर्नुपर्ने,
छ) दिगोपनामा ध्यान दिई कार्यक्रम तर्जुमा गर्नुपर्ने,

## ५. बजेट :

क) केन्द्र, जिल्ला, उपशाखा तथा सर्कल स्तरमा अनिवार्य बजेटको व्यवस्था हुनुपर्ने र सो रकम आफ्नै खाता खोली व्यवस्थित गर्ने,
ख) निश्चित अवसरहरू (दिवसहरू, चाडपर्व, मेला) मा अर्थ सङ्कलन गर्ने,
ग) नियमितरूपमा लेखापरीक्षणको व्यवस्था गर्ने,
घ) आर्थिक मितव्ययीताको आधारमा गतिविधिहरू सञ्चालन गर्ने,
ङ) खर्च तथा आम्दानीको विवरण दुरूस्त राख्ने,
च) विकास कार्यक्रमहरूबाट सङ्गठनको नियमित खर्च **(Core Cost)** लाई विनियोजन गर्ने ।

## ६) निर्णय जिम्मेवारी

जुनियर/युवा रेडक्रसका कार्यक्रमहरूलाई व्यवस्थितरूपमा सञ्चालन गर्नका लागि निम्नानुसारका निकायहरूले आ-आफ्नो तहमा तोकिएको जिम्मेवारी निर्वाह गर्नुपर्नेछ ।

### क) केन्द्रीय जुनियर/युवा रेडक्रस समिति र सचिवालय

१) जिल्ला शाखाको सहमतिमा स्थानीय स्तरमा स्रोत परिचालन,
२) दरबन्दी सिर्जना तथा पदपूर्तिको स्वीकृतिका लागि सिफारिस गर्ने,
३) उत्कृष्ट सर्कल छनोट गर्ने,
४) बार्षिक कार्यक्रमहरूको छनोट,
५) विकासमूलक कार्यक्रम सञ्चालन गर्न जिल्ला छनोटका लागि सिफारिस गर्ने,

ख) सचिवालय

१) समितिका निर्णयहरूको अभिलेख दुरूस्त गर्ने,
२) नीति तथा कार्यनीतिको कार्यान्वयन,
३) दातृ निकायहरूसँगको समन्वय अर्न्तसम्बन्ध तथा सञ्चार,
४) कर्मचारी तथा आर्थिक नियमावलीको कार्यान्वयन,
५) विभागीय कार्य सञ्चालनसम्बन्धी निर्णय,
६) विभागीय कर्मचारीहरूको कार्यदक्षता मूल्याङ्कन,
७) स्रोत सङ्कलन तथा परीचालनका लागि आवश्यक प्रयास,
८) बिभाग अर्न्तगत सञ्चालित कार्यक्रम तथा गतिविधिहरूको अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षणआवश्यकता अनुसार निर्देशन,
९) आवश्यकता, सन्दर्भ तथा अनुभवको आधारमा विभागीय कर्मचारीहरूको जीम्मेवारी थप,घट तथा परिवर्तनकालागि सिफारिस,
१०)विभागबाट निर्णयकालागि कार्यकारी निर्देशक, समिति तथा महामन्त्रीसमक्ष प्रस्तुत हुने विषयवस्तुहरू पेश ।

ग) जिल्ला जुनियर/युवा रेडक्रस समिति र सचिवालय

१) जिल्ला शाखाको सहमतिमा तथा उपशाखाको समन्वयमा कार्यक्रमहरू तर्जुमा गर्ने,
२) जिल्ला शाखा/उपशाखाको को सहमतिमा स्थानीयस्तरमा स्रोत सङ्कलन तथा परिचालन गर्ने,
३) जिल्लास्तरीय उत्कृष्ट सर्कल छनोटका लागि सिफारिस गर्ने,
४) केन्द्रको आह्वानमा आतिथ्यता गरिने वार्षिक कार्यक्रमहरूको छनोटका लागि सिफारिस गर्ने,
५) विकासमूलक कार्यक्रम सञ्चालन गर्न उपशाखा तथा सर्कल छनोटका लागि सिफारिस गर्ने,

घ) सचिवालय

१) समितिका निर्णयहरूको अभिलेख दुरूस्त गर्ने,
२) नीति तथा कार्यनीतिको कार्यान्वयन,
३) केन्द्र तथा जिल्लास्तरीय सम्बद्ध निकायहरूसँगको समन्वय अर्न्तसम्बन्ध तथा सञ्चार,
४) जिल्लास्तरीय गतिविधिहरूको अनुगमन,
५) स्रोत सङ्कलन तथा परीचालनकालागि आवश्यक प्रयास,

६) जिल्ला शाखाअर्न्तगत सञ्चालित कार्यक्रम तथा गतिविधिहरूको अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण आवश्यकता अनुसार निर्देशन,
७) जिल्ला कार्यसमितिमा निर्णयका लागि प्रस्तुत हुने विषयवस्तुहरूको तयारी ।

च) सर्कल जुनियर/युवा रेडक्रस समिति र सचिवालय

जिल्ला शाखा/उपशाखाको सल्लाह तथा निर्देशनमा जुनियर/युवा रेडक्रस सर्कल कार्यसमितिले सर्कल स्तरमा गतिविधिहरूको प्रभावकारी सञ्चालनका लागि जिम्मेवारी तय गरी लागू गर्नेछ ।

## ७) सर्वेक्षण

कुन परियोजना वा कार्यक्रम कहाँ सञ्चालन गर्ने हो त्यस क्षेत्रको विवरणहरू जस्तै भौगोलिक, आर्थिक, सामाजिक, शैक्षिक स्थिति, जोखिमका क्षेत्रहरू, जनसङ्ख्याको विवरण र वितरण, जोखिमपूर्ण व्यवहारिक एवं अभ्यासहरू सेवा र सूचनाको उपलव्धता, उक्त क्षेत्रमा कार्य गर्ने सङ्घ संस्थाको विवरण र कार्यक्षेत्र र सम्भावित साझेदारी र अन्तरसम्बन्ध आदि विषयमा विस्तृत विश्लेषण गर्नुपर्दछ ।

यस्तो किसिमको विश्लेषणका लागि दोस्रो -गा.वि.स, जि.वि.स को प्रोफाइल, विद्यालयको रेकर्ड, पुस्तक प्रकाशन, पत्र-पत्रिका आदिबाट जानकारी सङ्कलन गर्न सकिन्छ । साथै अवलोकन, घर-घरमा गएर जानकारी सङ्कलन, स्थलगत अध्ययन, अन्तरकृया, स्थानीय समूहहरूसँग छलफल, विषयगत अन्तर्वार्ता प्रश्नावली तयार गरी जानकारी सङ्कलन गर्न सकिन्छ । सङ्कलित जानकारीहरूलाई विश्लेषण गरी आवश्यकता, उपलव्ध स्रोत, लाभान्वित अवसरहरू जनशक्ति आदिको निष्कर्ष निकाल्नुपर्दछ ।

सर्वेक्षणको कार्यपरियोजना वा कार्यक्रमको क्षेत्र (कति ठूलो) प्रकृति, स्वरूप आदिको आधारमा सर्कलका सदस्यहरू आफैंबाट वा आवश्यकताअनुसार उपशाखा, शाखा वा विषयगत विशेषज्ञ र परामर्शदाताहरूबाट सहयोग र सेवा लिन सकिन्छ । सर्वेक्षणबाट प्राप्त जानकारीहरू कार्यक्रम सञ्चालनमा प्रयोग गर्ने र सुरक्षित साथ अभिलेख राख्ने जिम्मेवारी जुनियर/युवा रेडक्रस केन्द्र, जिल्ला तथा सर्कलको हुनेछ ।

## ८) स्रोत र साधनको परिचालन तथा कोष व्यवस्थापन

कार्यक्रम र परियोजनाको सन्दर्भमा स्रोत र साधन भन्नाले जनशक्ति (प्रशिक्षक, स्वयंसेवक कार्यकर्ता, विशेषज्ञ) आर्थिक (बजेट नगद तथा जिन्सी र पूँजी - विभिन्न सामाग्रीहरू (गाडि, साईकल, मोटरसाइकल, क्यामेरा, बोर्ड, कम्प्यूटर आदि) सूचना

आवश्यक जानकारी जस्तै : निर्देशिका, पत्र -पत्रिका पुस्तक प्रतिवेदन आदि) बुझ्नुपर्दछ ।
केन्द्र, जिल्ला तथा सर्कलले आफूसँग उपलब्ध स्रोत र साधनहरूको अभिलेख दुरूस्त राख्नुपर्दछ । सामाग्री र साधनको सुरक्षा राम्रोसँग गर्नुपर्दछ । उपरोक्त स्रोत साधनको परिचालन क-कस्ले कसरी गर्ने भन्ने कुराको निर्णय गर्नुपर्दछ र सबै कुराको अभिलेख समेत राख्नुपर्दछ ।

जुनियर/युवा रेडक्रसको सङ्गठन विकास एवं यसको विभिन्न निकायहरूबाट सञ्चालन गरिने कार्यक्रमहरूलाई निरन्तरता दिन सर्कल, उपशाखा, शाखा साथै केन्द्रमा स्रोतको व्यवस्था गर्न कोषको व्यवस्था गरिनेछ । हाललाई केन्द्रमा जुनियर/युवा रेडक्रस अक्षयकोषको व्यवस्था गर्न र क्रमिक रूपमा शाखा, उपशाखा र सर्कलमा समेत व्यवस्था गरिनेछ । उक्त कोषलाई अक्षयकोषको रूपमा विकास र विस्तार गरिनेछ । विभिन्न किसिमबाट जस्तो परियोजनाबाट प्राप्त हुने व्यवस्थापन सहयोग खर्च, चन्दा, विभिन्न आय, अर्थ सङ्कलनबाट हुने आर्जनलाई आम्दानीका रूपमा राखिनेछ । आवश्यकताअनुसार कोष सम्बन्धी छुट्टै नियमावली बनाउन सकिनेछ ।

## ९) सुपरिवेक्षण तथा अनुगमन

अनुगमन (**Monitoring**) विभिन्न तह र जुनियर/युवा रेडक्रस सर्कलबाट सञ्चालन भएका गतिविधिहरू संस्थागत एवं परियोजनासम्बन्धी निर्णय गर्दाको तरीकाले सही दिशामा भैरहेका छन् वा छैनन्, यदि छैनन् भने कुन ठाउँमा के सुधार गर्नुपर्नेछ भन्ने विषयमा निश्चितरूपमा हेर्नुपर्ने हुन्छ । यस्तो अनुगमन गर्दा लक्षित समूह, समय तालिका, कार्ययोजना, कार्यक्रम सञ्चालनको निर्देशिका, बजेटको सही प्रयोगजस्ता विषयहरूका आधारमा गरिन्छ । अनुगमन गर्दा सङ्ख्यात्मक, गुणात्मक वा दुवै खालको उपलब्धिको क्षेत्रमा ध्यान दिनु पर्दछ ।

अनुगमनको लागि (सर्कल, उपशाखा, जु.यु. समिति, जिल्ला शाखा, जु.यु. समिति, केन्द्रीय समितिको) नियमित बैठक, समय-समयमा कार्यशाला, समीक्षा बैठक, स्थलगत निरीक्षण प्रतिवेदन, अध्ययनजस्ता गतिविधिहरू गरिन्छन् । अनुगमन प्रकृयालाई प्रभावकारी बनाउन माथिल्लो निकायबाट कर्मचारी वा स्वयंसेवकबाट सुपरिवेक्षणमा सहयोग गरिनेछ । केन्द्रीय कार्यालय, जिल्ला शाखा तथा उपशाखाबाट आफ्नो मातहतका निकाय एवं सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

## १०. प्रतिवेदन

विभिन्न तह र कार्यक्रमहरूबाट सञ्चालित गतिविधिहरूको प्रगति र उपलब्धि प्रतिवेदन विभिन्न किसिमले तयार गर्नु पर्दछ जस्तै : गतिविधिअनुसार मासिक, त्रैमासिक, वार्षिक तथ्याङ्कगत र विवरणात्मक यस्तो प्रतिवेदनको प्रयोग गतिविधिहरूको अनुगमन, अभिलेख राख्न र माथिल्लो निकाय तथा दाताहरूलाई

जानकारी उपलब्ध गराउने उद्देश्यले गरिनेछ । सर्कलले उपशाखा तथा जिल्ला शाखामा पठाउने प्रतिवेदनको खाका अनूसूची ६ मा राखिएको छ ।

## ११. समीक्षा, मूल्याङ्कन र पुरस्कार

क) जुनियर/युवा रेडक्रसका गतिविधिहरूमा मूल्याङ्कन प्रणाली लागू तथा नियमितता गर्ने ।
ख) मूल्याङ्कन केन्द्रीय, जिल्ला शाखा, उपशाखा, तथा सर्कल स्तरमा गरिनेछ ।
ग) कार्यक्रमहरूको अवधिमा समीक्षा गर्ने
घ) जुनियर/युवा रेडक्रस नीति तथा कार्यक्रमहरूको प्रत्येक २ वर्षमा नियमितरूपमा समीक्षा गर्ने
ङ) विभिन्न तहमा उत्कृष्ट ठहरिएका स्वयंसेवक/सर्कल एवम् सदस्यहरू निकायहरूलाई पुरस्कृत प्रोत्साहन गर्ने
च) जिल्ला शाखा, उपशाखा तथा सर्कल स्तरमा अनिवार्यरूपमा वार्षिक समीक्षा गर्ने ।
छ) जिल्ला सर्कलले पनि आ-आफ्नो तहमा समीक्षा तथा पुरस्कारको व्यवस्था गर्ने ।
ज) मूल्याङ्कनका आधारहरू अनुसूची  नं. १० मा दिइएको छ ।

## खण्ड घ
## अनुसूचीहरू

### अनुसूची १
**केन्द्रीय नेपाल जुनियर युवा रेडक्रस समितिअन्तर्गत रहेको जुनियर/युवा रेडक्रसको विभाग सचिवालयको साङ्गठनिक संरचना**




**नोट : यो समयानुसार परिवर्तन/परिमार्जन हुन सक्नेछ।**

# अनुसूची -२ क

(सदस्यता शुल्क रसीदको नमूना)

| (क) नेपाल रेडक्रस सोसाइटी<br>जुनियर/युवा रेडक्रस सर्कल<br>................................... | (ख) नेपाल रेडक्रस सोसाइटी<br>जुनियर/युवा रेडक्रस सर्कल<br>................................... |
|---|---|
| क्र.सं. मिति .....................<br>विद्यालय/क्याम्पस....................<br>नेपाल जुनियर/युवा रेडक्रस सर्कल<br>क्रम सङ्ख्या : मिति : .........<br>कक्षा..... का रो.नं........ का ........................... बाट ...../....... शैक्षिक सत्रका लागि नेपाल जुनियर/युवा रेडक्रस सर्कलको सदस्यता शुल्कवापत रू.... ।- (.........) मात्र सधन्यवाद प्राप्त भयो ।<br>बुझाउनेको सही : .....बुझ्नेको सही | क्र.सं. मिति .....................<br>विद्यालय/क्याम्पस....................<br>नेपाल जुनियर/युवा रेडक्रस सर्कल<br>क्रम सङ्ख्या : मिति : .............<br>कक्षा..... का रो.न........ का ........................... बाट ...../....... शैक्षिक सत्रका लागि नेपाल जुनियर/युवा रेडक्रस सर्कलको सदस्यता शुल्कवापत रू...।- (...................) मात्र सधन्यवाद प्राप्त भयो ।<br>बुझ्नेको सही : .............. |

नोट : समुदायमा गठन गरिने युवा सर्कलको हकमा माथिको नमूनामा थपघट गरी सदस्यता रसीद तयार गर्न सकिनेछ ।

# अनुसूची - २ ख

(सहयोग उठाउँदा प्रयोग गरिने रसीदको नमूना)

| (क) नेपाल रेडक्रस सोसाइटी<br>जुनियर/युवा रेडक्रस सर्कल<br>................................... | (ख) नेपाल रेडक्रस सोसाइटी<br>जुनियर/युवा रेडक्रस सर्कल<br>................................... |
|---|---|
| क्रमसङ्ख्या : ...... मिति : .........<br>निवासी श्री..................... बाट नेपाल जुनियर/युवा रेडक्रस सर्कलका लागि रू......अक्षरूपी ...... सहयोगस्वरूप सधन्यवाद प्राप्त भयो ।<br>बुझाउनेको सही : बुझ्नेको सही | क्रमसङ्ख्या : .....मिति : ................<br>निवासी श्री .......................... बाट नेपाल जुनियर/युवा रेडक्रस सर्कलका लागि रू............ अक्षरेपि .............. सहयोगस्वरूप सधन्यवाद प्राप्त भयो ।<br>बुझ्नेको सही : |

## अनुसूची ३
### जुनियर/युवा रेडक्रस सदस्यले गर्ने प्रतिज्ञा

नेरेसो जिल्ला शाखाबाट स्वीकृति प्राप्त भइसकेपछि विद्यालयका सबै जुनियर/युवा रेडक्रस सदस्यहरूले एक समारोहका बीच प्रतिज्ञा गर्नुपर्दछ र यो प्रतिज्ञा शिक्षक नायकले गराउनुपर्दछ। स्मरणीय के छ भने शिक्षक नायकले नेपाल रेडक्रसको सदस्यता लिइसकेको हुनुपर्दछ।

प्रतिज्ञाको नमूना यस प्रकार छ :
"नेपाल जुनियर/युवा रेडक्रसको सदस्यको हैसियतले रेडक्रसका आधारभूत सिद्धान्त र नेपाल जुनियर/युवा रेडक्रसको उद्देश्यअनुरूप स्वेच्छाले म मानवको सेवा गर्ने प्रतिज्ञा गर्दछु र आफ्नो तथा अरूको स्वास्थ्यको संरक्षण तथा सम्बर्धन गर्न, पीडित मानवको सेवा गर्न, संसारका सबै जुनियर/युवाहरूसँग मित्रता कायम गर्न, रेडक्रस ज्ञान तथा मानवीय कानूनको प्रचार-प्रसार गर्न सदा प्रयत्नशील रहनेछु।"
यो प्रतिज्ञा कसैले नबुझेमा शिक्षक नायकले राम्रोसँग व्याख्या गरिदिनुपर्छ।

## अनुसूची ४
### सर्कलको स्वीकृतिका लागि जिल्ला शाखामा पठाउनुपर्ने पत्रको नमूना :

मिति :

श्री मन्त्रीज्यू,
नेपाल रेडक्रस सोसाइटी
............ उपशाखा,
जिल्ला।

विषय : <u>सर्कललाई स्वीकृति पाऊँ</u>।

महोदय,
................ विद्यालयमा नेपाल जुनियर/युवा रेडक्रस सर्कलको गठन भएकोले स्वीकृतिका लागि अनुरोध गर्दछौं। हाल यस विद्यालयमा भएका ...........विद्यार्थीहरूमध्ये नेपाल जुनियर/युवा रेडक्रस सर्कलका सदस्यहरूको सङ्ख्या .......... छ। शिक्षक नायकमा यस विद्यालयका अध्यापक/अध्यापिका श्री/श्रीमती ............... र सहयोगी शिक्षक नायकमा श्री .................... हुनुहुन्छ। सर्कलको कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू सल्लाहकार सदस्यहरूको नामावली र आवद्धता शुल्कवापत रू. ............ यसै पत्र साथ संलग्न गरी पठाइएको छ।

भवदीय,

संरक्षक
नेपाल जुनियर/युवा रेडक्रस सर्कल
................ विद्यालय

बोधार्थ :
श्री मन्त्रीज्यू,
नेपाल रेडक्रस सोसाइटी
......जिल्ला शाखा

संलग्न : उल्लेख भए बमोजिम

ध्यान दिनुपर्ने कुरा :
पुनर्गठनको जानकारी पनि यसै आधारमा पठाउनुपर्छ र विषयमा <u>सर्कलको पुनर्गठन</u> भनी उल्लेख गर्नुको साथै <u>स्वीकृतिका लागि</u> भन्ने ठाउँमा <u>जानकारीको लागि</u> भनी लेख्नुपर्छ र आवद्धता शुल्क रू. .....।- सामेल हुनुपर्छ।

## अनुसूची -५
### वार्षिक कार्यतालिका

नेपाल रेडक्रस तथा नेपाल जुनियर/युवा रेडक्रस गतिविधिहरूलाई नियमित तथा योजनाबद्ध रूपमा सञ्चालन गर्न सम्बन्धित सबै निकायबाट वार्षिक कार्यतालिका तर्जुमा गर्न वाञ्छनीय देखिन्छ । यस्तो किसिमको कार्यतालिकाबाट विगतका गतिविधिहरूको समीक्षा गर्न विगतका गतिविधिको आधारमा आगामी वर्षका लागि थप योजना बनाउन र गतिविधिहरूलाई संस्थागत रूप दिन मद्दत पुग्दछ । यसका साथै वार्षिक प्रगति प्रतिवेदनमा पनि सोहीअनुसार कार्यतालिकाको उपयोग गर्न सकिन्छ ।

जुनियर/युवा रेडक्रस सर्कलहरूबाट वार्षिक कार्यतालिका तयार पार्दा ३ प्रति तयार पारी एक प्रति सर्कलमा (सम्भव भएसम्म टाँस्ने) राख्ने, एक प्रति उपशाखामा पठाउनुपर्ने र त्यसको जिल्ला शाखामा बोधार्थ पठाउनुपर्नेछ ।

# अनुसूची ६
## त्रैमासिक प्रगति प्रतिवेदनको नमूना
## नेपाल जुनियर/युवा रेडक्रस सर्कल
## .................. विद्यालय/क्याम्पस
## .................... जिल्ला
## त्रैमासिक प्रगति प्रतिवेदन
## २०........... साल ............... महिनादेखि .............. सम्म

| क्र.सं | विवरण | एकाइ | वार्षिक लक्ष्य | गत अवधिसम्मको प्रगति | यस अवधिसम्मको प्रगति | जम्मा प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सदस्यता अभियान | | | | | | |
| २ | कार्य समिति निर्वाचन | | | | | | |
| ३ | कार्य समितिको बैठक | | | | | | |
| ४ | शुल्क बुझाउने | | | | | | |
| ५ | साधारण सभा | | | | | | |
| ६ | उपसमितिहरू गठन | | | | | | |
| ७ | प्रशिक्षण कार्यक्रम | | | | | | |
| | क) प्राथमिक उपचार<br>ख) दैवीप्रकोप<br>ग) रेडक्रस परिचयात्मक<br>घ) विनिमय सामग्री निर्माण<br>ङ) स्वास्थ्य तथा सरसफाइ<br>च) हस्तकला आदि | | | | | | |
| ८ | विद्यालय सरसफाइ अभियान | | | | | | |
| ९ | शिशुहरूको शारीरिक सरसफाइ | | | | | | |
| १० | नेत्र परीक्षण | | | | | | |
| ११ | चर्पी निर्माण (अस्थायी) | | | | | | |
| १२ | दिवसहरू | | | | | | |
| १३ | सेवा | | | | | | |
| | प्राथमिक उपचार सेवा | | | | | | |
| | दैवीप्रकोप उद्धार सेवा | | | | | | |
| | छात्रवृत्ति प्रदान | | | | | | |
| | पाठ्यपुस्तक वितरण | | | | | | |
| | औषधि वा आर्थिक सहयोग | | | | | | |
| | अल्वम निर्माण | | | | | | |
| | पत्राचार | | | | | | |
| | भ्रमण | | | | | | |
| | शुभकामना पत्र | | | | | | |
| | पुतली निर्माण | | | | | | |
| | हस्तकला सामग्री निर्माण | | | | | | |
| | सेवा शिविर | | | | | | |
| | एच.आइ.भी./एड्स गतिविधि | | | | | | |
| | अर्थ सङ्कलन | | | | | | |
| | प्रतियोगिताहरू<br>-<br>- | | | | | | |
| | अन्य :<br>-<br>- | | | | | | |

## अनुसूची - ७
### दैनिक आयव्यय विवरणको नमूना

नेपाल जुनियर/युवा रेडक्रस सर्कल
................ विद्यालय/क्याम्पस/समुदाय
................ जिल्ला ..........अञ्चल
दैनिक आय-व्यय विवरण

| क.सं. | मिति | विवरण | आय | व्यय | बचत |
|---|---|---|---|---|---|
| | | | | | |
| जम्मा | | | | | |

ध्यान दिनुपर्ने कुरा : व्ययको रसीद नं. र त्यसमा लेखिएको विवरणसमेत उल्लेख गनुपर्छ।

## अनुसूची - ८
रेडक्रसको चिन्ह बनाउने तरीका र नमूना :

क) समभुजाकार पाँचवटा चतुर्भुजबाट रेडक्रस चिह्न बन्दछ।
ख) यो रातो चिह्न सेतो पृष्ठभूमिमा रहनेछ।

नमूना



(क)



(ख)

# अनुसूची - ९

## वार्षिक बजेटको नमूना

## नेपाल जुनियर/युवा रेडक्रस सर्कल

.............. विद्यालय/क्याम्पस/समुदाय

............ जिल्ला ...........

विषय : वार्षिक बजेट आ.व. .............

| क्र.सं. | आयतर्फ | | | क्र.सं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रू. | पै. | | विवरण | रू. | पै. |
| १ | गत वर्षको बैंक मौज्दातको मौज्दात (क) बचत (ख) चल्ती | | | १ | प्रशासनिक | | |
| २ | सदस्यता | | | २ | छात्रवृत्ति प्रदान | | |
| ३ | चन्दा | | | ३ | कार्यक्रमको आयोजना | | |
| ४ | दिवसहरू | | | ४ | सेवा कार्य | | |
| ५ | मुठ्ठीदान | | | ५ | कार्यक्रममा सहभागिता | | |
| ६ | दानपेटिका | | | ६ | विविध | | |
| ७ | विविध | | | | | | |
| | जम्मा | | | | | | |

ध्यान दिनुपर्ने कुराहरू : वार्षिक कार्यक्रम र बजेट शैक्षिक सत्रको शुरूमा बनाउनुपर्नेछ ।

## <u>निम्न लिखित गोष्ठीमा समावेश हुने न्यूनतम विषयवस्तु</u>

| राष्ट्रिय जुनियर/ युवा गोष्ठी | जिल्लास्तरीय जुनियर/युवा गोष्ठी | प्रधानाध्यापक गोष्ठी | शिक्षक नायक गोष्ठी |
|---|---|---|---|
| अवधि ३ दिन (वार्षिक)<br>स्थान : केजुयुरे समितिले निर्णय गर्ने<br>सहभागिता : हरेक जिल्लाबाट ३ जना (२ जु.यु. विद्यार्थी र १ शिक्षक नायक)<br><u>न्यूनतम विषयवस्तु</u><br>१) विगत वर्षमा गरिएका गतिविधिहरूको जानकारी र समीक्षा<br>२) राष्ट्रिय स्तरका तथा विभिन्न प्रतियोगितामा उत्कृष्ट स्थान ल्याउनेलाई सम्मान<br>३) राष्ट्रिय/अन्तर्राष्ट्रिय रूपमा देखापरेका महत्वपूर्ण समसामयिक विषयमा अभिमुखीकरण तथा छलफल<br>४) रेडक्रसका आधारभूत सिद्धान्तको व्यावहारिक प्रदर्शन<br>५) आगामी वर्षमा सर्कलबाट गर्नु पर्ने न्यूनतम कार्यक्रमको प्रस्तुति तथा छलफल<br>६) जु./यु. रेडक्रसको नीति एवं कार्यप्रणालीमा छलफल र समीक्षा<br>७) कार्यक्रम एवं नीतिगत विषयमा सिफारिस/प्रतिवद्धता | जिल्लास्तरीय जु./यु. गोष्ठी अवधि : २ दिन ( वार्षिक)<br>स्थान : जिल्ला जु./यु.रे. समितिले निर्णय गर्ने<br>सहभागिता : हरेक सर्कलबाट २ जना विद्यार्थी र १ जना शिक्षक नायक<br><u>न्यूनतम विषयवस्तु</u><br>१) जिल्लामा वर्षभरि गरिएका गतिविधिहरूको जानकारी र समीक्षा<br>२) रेडक्रस अभियान र कार्यक्रम प्रस्तुति र छलफल<br>३) जिल्लामा विभिन्न प्रतियोगितामा उत्कृष्ट र सहभागी हुनेलाई सम्मान<br>४) वर्तमान परिवेशमा देखापरेका महत्वपूर्ण विषयमा छलफल<br>५) रेडक्रसका आधारभूत सिद्धान्तहरूको व्यावहारिक प्रदर्शन<br>६) राष्ट्रिय गोष्ठीमा छलफल भए अनुरूप हरेक सर्कलले वर्षभरीमा गर्नु पर्ने कार्यक्रमको कार्य योजना तर्जुमा<br>७) जु./यु. रेडक्रस नीति र कार्यप्रणालीको प्रस्तुति तथा छलफल<br>८) सिफारिस तथा प्रतिवद्धता | अवधि १ दिन (वार्षिक)<br>स्थान : सर्कलको समन्वयमा जिल्ला जु./यु. रे. समितिले निर्णय गर्ने<br>सहभागिता हरेक सर्कलबाट १ जना प्र.अ.<br><u>न्यूनतम विषयवस्तु</u><br>१) रेडक्रस अभियान : (अन्तर्राष्ट्रिय रेडक्रस र नेपाल रेडक्रसको उद्देश्य,स्थापना र गतिविधिहरूका बारेमा जानकारी)<br>२) समसामयिक विषयमा प्रस्तुति तथा छलफल **(IHL, HIV/AIDS Sanitation)**<br>३) जु./यु. रे. नीति तथा कार्यप्रणालीको प्रस्तुति र छलफल<br>४) जुनियर/युवा रेडक्रसबाट भएका उल्लेखनीय गतिविधिहरूको जानकारी<br>५) सर्कललाई व्यवस्थित र प्रभावकारी बनाउन प्र.अ. ले खेल्नुपर्ने भूमिका<br>६) सिफारिस एवं प्रतिवद्धता | शिक्षक नायक गोष्ठी<br>अवधि २ दिन (वार्षिक)<br>स्थान : सर्कलको समन्वयमा जि.जु./यु.रे. समितिले निर्णय गर्ने,<br>सहभागिता हरेक सर्कलबाट १ जना शिक्षक नायक<br><u>न्यूनतम विषयवस्तु</u><br>१) रेडक्रस अभियान : (अन्तर्राष्ट्रिय रेडक्रस र नेपाल रेडक्रस)<br>२) समसामयिक विषयमा छलफल ( **IHL,HIV/AIDS and Sanitation**)<br>३) जु./यु. रे. नीति कार्यप्रणालीको प्रस्तुती तथा छलफल<br>४) जुनियर/युवा रेडक्रसबाट भएका उल्लेखनीय गतिविधिहरूको प्रस्तुति तथा छलफल<br>५) जु./यु.रेडक्रसको कार्यक्रम र गतिविधिमा शिक्षक नायकले निर्वाह गर्नुपर्ने भूमिका<br>६) सिफारिस एवं प्रतिवद्धता |

## भाग २
## खण्ड क

## अन्तर्राष्ट्रिय रेडक्रस अभियान

रेडक्रस मानवता, निष्पक्षता र तटस्थताजस्ता मूलभूत सिद्धान्तमा आधारित स्वतन्त्र मानवीय संस्था हो । राजनीति, धर्म, सम्प्रदाय र यस्तै अन्य कुनै पनि प्रकारको मानवजातिलाई विभाजन गर्ने तत्वसँग यसको कुनै सम्बन्ध छैन । पक्षपात, पूर्वाग्रह र भेदभावविना पीडित मानवको सेवा गर्नु अन्तर्राष्ट्रिय रेडक्रसको मूल उद्देश्य हो ।

### १) रेडक्रस अभियानको सूत्रपात

सन् १८९५ मा एकातिर फ्रान्स तथा इटली र अर्कातिर अष्ट्रिया भई दुई पक्षका बीचमा उत्तरी इटलीको सल्फेरिनो भन्ने ठाउँमा भयङ्कर युद्ध भइरहेको थियो । संयोगवश आफ्नो व्यक्तिगत कामको सिलसिलामा हिंडेका स्विट्जरल्याण्डका ३१ वर्षीय हेनरी डयूना सो युद्ध भइरहेको क्षेत्रमा पुगे । उनले त्यहाँको व्यापक नरसंहार देखे । त्यहाँको रक्त-संजीत दृश्य र औषधिको अभावमा छट्पठाइरहेका एवं सेवा-सुश्रूषाको अभावमा अकालमै मर्न लागेका असंख्य योद्धाहरुको दारुण एवं मार्मिक अवस्था देख्दा हेनरी ड्यूनाको संवेदनशील हृदय प्रभावित भयो । उनी तत्कालै स्थानीय युवाहरुलाई सङ्गठित पारी घाइते सिपाहीहरुको सेवामा संलग्न भए र कैयौं सिपाहीहरुको प्राण रक्षा गर्न समर्थ भए ।

युद्ध त समाप्त भयो तर हेनरी डयूनाको मनमा भने युद्धमा छट्पठाइरहेका घाइतेहरुको करुण चित्कार यथावत नै रहिरह्यो । युद्धको समयमा यसरी घाइते हुने व्यक्तिहरुको दुःखलाई कसरी कम गर्न सकिन्छ भन्ने प्रश्नले उनलाई पिरोलिरह्यो । अन्तमा उनले "सल्फेरिनोको स्मृति" नामक एउटा पुस्तक लेखे जुन पुस्तक सन् १८६२ को नभेम्बर महिनामा प्रकाशित भयो । त्यस पुस्तकमा युद्धको भयावह स्वरुप, घाइतेहरुको कारुणिक चित्कार एवं सेवा सुश्रूषा र औषधिको अभावमा सिपाहीहरुको अकालमानै हुने मृत्युको चित्रण ज्यादै प्रभावकारी ढङ्गबाट गरिएको थियो । त्यस्तो दुःखद र अवाञ्छनीय परिस्थितिको अन्त गर्न केही सुझाबहरु पनि पुस्तकमा प्रस्तुत गरिएका थिए ।

यस पुस्तकको कतिसम्म व्यापक प्रभाव पर्‍यो भने यसले "विश्वको जनमानसलाई नै खल्बलाइदियो" **(Stired the conscience of the world)** ड्यूनाको आह्वानलाई व्यावहारिक रुप दिने श्रेयः जेनेभाको जन कल्याण समाज **(Geneva Public Welfare Society)** लाई छ । यही समाजको तत्त्वावधानमा गठन गरिएको पाँच जनाको समितिको आह्वानमा सन् १८६३ को अक्टोबर महिनामा १६ देशका प्रतिनिधिहरुले भाग लिएको सम्मेलन जेनेभामा भयो । वस्तुत : यही सम्मेलनमा नै अन्तर्राष्ट्रिय रेडक्रस अभियानको जन्म भएको हो ।

## २) हेनरी ड्युना

अन्तर्राष्ट्रिय रेडक्रस अभियानका प्रवर्तक हेनरी ड्युनाको पूरा नाम जँ हेनरी ड्युना **(Jean Henry Dunant)** हो उनको जन्म सन् १८२८ को मे ८ का दिन जेनेभामा भएको थियो । यिनका बाबुको नाम जँ जाक ड्युना **(Jean Jackques Dunant)** र आमाको नाम आन-एन्टोनेट ड्युना-कोलाडन **(Anne Antoinette Dunant Colladon)** हो प्रारम्भिक शिक्षा-दीक्षा प्राप्त गरिसकेपछि उनले सन् १८५४ मा अल्जेरियामा व्यापार प्रारम्भ गरे । पछिको घटनाक्रमले के स्पष्ट गर्छ भने व्यापार उनको मनोभावनाअनुकूलको क्षेत्र थिएन र उनी व्यापारमा असफल नै रहे ।

सन् १८५८ मा अल्जेरियामा उनेले एउटा मिलको स्थापना गरे मिल संचालनसम्बन्धी प्रशासनिक कामको सिलसिलामा नेपोलियन तृतीयलाई भेट्न हिंडेका उनी सन् १८५९ को जून महिनामा सल्फेरिनो पुगे, जहाँ एकातिर फ्रान्स तथा इटाली र अर्कातिर अष्ट्रियको बीचमा भयङ्कर युद्ध भइरहेको थियो । युद्धमा ४० हजार जति घाइते सैनिकहरु औषधि उपचार र अन्य सहयोगको अभावमा अकालमै मर्न बाध्य भएका थिए ।

ड्युना त्यहाँको दारुण अवस्थाबाट दयार्द्र भएर घाइतहरुको सेवा कार्यमा संलग्न भए । यस घटनाले उनको जीवनमा नै नयाँ मोड ल्याइदियो । उनले सन् १८६२ को नभेम्बर महिनामा “सल्फेरिनाको स्मृति” नाम पुस्तक प्रकाशित गरे । यही पुस्तकको प्रकाशनपछि उनले निःस्वार्थ मानव सेवामा नै आफ्नो जीवनलाई समर्पित गरेको प्रतीत हुन्छ । यसपछि अन्तर्राष्ट्रिय रेडक्रस अभियानको पक्षमा जनतामा जागरण उत्पन्न गर्न र विभिन्न देशका सरकारहरुलाई यसप्रति सचेत गराई कुनै सम्झौतामा उनीहरुलाई आवद्ध गर्नको लागि उनले विश्वका विभिन्न भागको भ्रमण गरे । अन्तर्राष्ट्रिय शान्ति र समझदारीको सम्वर्द्धनको लागि हेनरी ड्युनाले गरेका योगदानको कदर गर्दै ड्युनालाई सन् १९०१ मा उनका साथी फ्रेडरिक प्यासीसँगै नोबेल शान्ति पुरस्कार प्रदान गरियो ।

सन् १९१० को अक्टोबरको ३० तारिखका दिन ८२ वर्षको उमेरमा हेडेन भन्ने स्थानमा हेनरी ड्युनाको निधन भयो । प्रत्येक वर्ष हेनरी ड्युनाको जन्मदिन ८ मे विश्वभर विश्व रेडक्रस दिवसको रुपमा मनाइन्छ ।

## ३. अन्तर्राष्ट्रिय रेडक्रसको संगठनात्मक स्वरुप :

अन्तर्राष्ट्रिय रेडक्रस अभियानलाई अगाडि बढाउन यसका सबै अङ्गरुको प्रभावकारी भूमिका महत्त्वपूर्ण छ । रेडक्रस अभियानका प्रमुख अङ्गहरु क्रमश : १, २ र ३ मा दिइएको छ तापनि बुझ्न सजिलो होस् भनी अन्य अङ्गहरुलाई समेत थप गरी रेडक्रस झण्डाका ५ भागको रुपमा प्रस्तुत गरिएको छ । यी ५ वटै अङ्गहरु मिलेर अन्तर्राष्ट्रिय रेडक्रस अभियान अगाडि बढेको छ र सबै अंगको दायित्व र भूमिका उत्तिकै महत्त्वपूर्ण छ ।

| | | |
|---|---|---|
| | ४) जेनेभा महासन्धिमा हस्ताक्षर गर्ने मुलुकहरु | |
| १) रेडक्रसको अन्तर्राष्ट्रिय समिति | ५) रेडक्रसको अन्तर्राष्ट्रिय सम्मेलन | २) रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ |
| | ३) राष्ट्रिय सोसाइटीहरु | |

### ३.१. रेडक्रसको अन्तर्राष्ट्रिय समिति (International Committee of the Red Cross (ICRC)

वास्तवमा रेडक्रसको अन्तर्राष्ट्रिय समिति नै अन्तर्राष्ट्रिय रेडक्रस अभियानको संस्थापक संस्था (सन् १८६३) हो । शुरुमा यस संस्थाको नाम International Committee for the Relief of the Wounded थियो । सन् १८७६ मा यसको नाम International Committee of the Red Cross भनेको हो ।

रेडक्रसको अन्तर्राष्ट्रिय समिति राजनीतिक, धार्मिक जातिगत र सैद्धान्तिक दृष्टिकोणबाट विशुद्ध रुपमा तटस्ट (Neutral) संस्था हो । यसको तटस्थ स्वरुपलाई जोगाइराख्नको लागि यसमा केवल स्वीट्जरल्याण्डका नागरिकहरु मात्र रहने व्यवस्था गरिएको छ । यसमा २५ जनासम्म स्वीस नागरिकहरु रहन्छन् । यसका सदस्यहरुको छनौट सहवरण (Cooption) प्रणालीअन्तर्गत सोही समितिबाटै गरिन्छ । यस समितिको छुट्टै कार्य-क्षेत्र निर्धारित छ, जुन विशेष परिस्थिति तथा साधारण परिस्थितिमा पृथक्-पृथक् तरीकाले प्रयोगमा ल्याइन्छ ।

क) विशेष परिस्थिति : विशेष परिस्थिति भन्नाले सशस्त्र संघर्ष तथा अशान्ति फैलिएको समयलाई इङ्गित गरिएको छ । त्यस्तो अवस्थामा यस समितिबाट निम्नलिखित कार्यहरु हुन्छन् :

१) जेनेभा महासन्धिहरुको सबैद्वारा पालन गराउनु ।
२) सशस्त्र संघर्षमा घाइते, बिरामी, युद्धबन्दी तथा बन्दी बनाइएका नागरिकहरुको उद्धार गर्नु ।

३) युद्धबन्दीहरुसँग सम्पर्क राख्नु र तिनीहरुका निकटतम नातेदारहरुसँग सम्पर्क गराउने माध्यमको रुपमा कार्य गर्नु ।
४) युद्धबन्दी तथा अन्य बन्दीहरुको न्यूनतम सुरक्षा र सुविधाको लागि कार्य गर्नु ।
५) बन्दी बनाइएकाहरुको शिविरहरुको भ्रमण गर्नु र तत्सम्बन्धी यथोचित प्रतिवेदन सम्बन्धित अधिकारीसमक्ष पुऱ्याउनु ।
६) ट्रेसिङ्ग एजेन्सी (खोजी गर्ने निकाय) को व्यापक संचालन गर्नु ।
७) विपद्मा परेका नागरिकहरुको सन्देश वाहकको रुपमा कार्य गर्नु ।
८) युद्ध-पीडितहरुको लागि उद्धार सामग्रीहरु उपलब्ध गराउनु ।

ख) साधारण परिस्थितिः साधारण परिस्थितिमा यो समिति देहायबमोजिम विभिन्न कार्यमा संलग्न रहन्छ :

१) रेडक्रसका मूलभूत सिद्धान्तहरु र अन्तर्राष्ट्रिय मानवीय कानूनको प्रचार-प्रसार गर्नु र पालना गराउनु ।
२) अन्तर्राष्ट्रिय मानवीय कानूनको विकास गर्नु ।
३) राष्ट्रिय रेडक्रस सोसाइटीहरुलाई मान्यता दिनु ।
४) उद्धार सामग्रीहरुको वितरण गर्नु ।
५) ट्रेसिङ्ग एजेन्सी सञ्चालित राख्नु ।
६) युद्धको समयका लागि आवश्यक पर्ने चिकित्सा टोली तथा चिकित्सकहरु तयार पार्दै रहनु ।

## ३.२. रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ **(International Federation of Red Cross & Red Crescent Societies (the Federation)**

यसको स्थापना प्रथम विश्वयुद्धपछि सन् १९१९ को ५ मे मा भएको हो । त्यस बेला यसलाई **League of Red Cross Societies** भनिन्थ्यो । सन् १९९१ को नोवेम्बर २७ मा महासंघको नाम दिइएको हो । यसलाई छोटकरीमा फेडरेशन मात्र पनि भन्ने गरिन्छ । रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ राष्ट्रिय सोसाइटीहरुको संघीय स्वरुप हो । यसको मुख्य कार्यालय जेनेभामा छ । हाल (२०६१) संसारका १८१ देशका राष्ट्रिय सोसाइटीहरु महासंघका सदस्य भै सकेका छन् ।

यस निकायबाट सधैं भइरहने कार्यहरु यी हुन् :

क) प्रत्येक राष्ट्रमा राष्ट्रिय रेडक्रस सोसाइटीको गठन र त्यसको विकास गर्ने तथा राष्ट्रिय रेडक्रसका तत्सम्बन्धी प्रयासमा सघाउ पुऱ्याउने ।
ख) राष्ट्रिय रेडक्रस सोसाइटीहरुको साझा निकायको रुपमा रही समनवयात्मक कार्यहरु गर्ने ।
ग) एक अर्को सोसाइटी वा निकायको बीचको पारस्परिक सम्बन्ध वृद्धि गर्ने कार्यमा सम्पर्क माध्यमको रुपमा कार्य गर्ने ।
घ) रोगको प्रतीकार गर्न जन-स्वास्थ्यको विकास गर्नेजस्ता आधारभूत आवश्यकता वा कार्यक्रमहरुमा राष्ट्रिय सोसाइटीहरुलाई सहयोग गर्ने ।
ङ) दैवीप्रकोपबाट पीडितहरुको उद्धारको लागि आपत्कालीन सेवा कार्यहरुको संचालन गर्ने तथा समनवय गर्ने ।
च) शरणार्थीहरुको उद्धार कार्य गर्न-गराउन सघाउ पुऱ्याउने ।
छ) जुनियर/युवा रेडक्रसको विकासको लागि कार्य गर्ने ।
ज) रेडक्रससम्बन्धी सिद्धान्त, विचार तथा कार्यहरुको व्यापक प्रचार-प्रसा गर्ने ।
झ) सदस्यताको वृद्धि गर्ने तथा आर्थिक स्रोतको लागि आह्वान गर्ने ।

### ३.३.राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरु **(National Red Cross and Red Crescent Societies)**

अन्तर्राष्ट्रिय रेडक्रस अभियानको वास्तविक कार्य क्षेत्र विभिन्न राष्ट्रहरु नै भएकाले राष्ट्रिय सोसाइटीहरु कार्य सम्पादन गर्ने सबैभन्दा महत्त्वपूर्ण निकाय हुन् । रेडक्रसको सिद्धान्त, कार्यक्रम तथा आदर्शको परिचालन गर्ने तथा कार्यरुपमा परिणत गर्ने निकाय राष्ट्रिय रेडक्रस भएको हुँदा यसका कार्यहरुले धैरथोर सबै अन्तर्राष्ट्रिय निकायहरुको राष्ट्रिय क्षेत्रमा प्रतिनिधित्व गर्दछ । त्यसैले शान्ति र अशान्ति-दुबै परिस्थितिमा राष्ट्रिय रेडक्रसका विभिन्न गतिविधिहरु भइरहन्छन् ।

क) शान्तिपूर्ण अर्थात् सामान्य परिस्थितिमा राष्ट्रिय रेडक्रसबाट हुने मुख्य कार्यहरु यस प्रकार छन् :

१) प्रकोप परेको बेलामा पीडितहरुको सेवा र सहयोग गर्न पूर्वतयारी तथा उद्धार कार्य सञ्चालन गर्ने,
२) रोग विरुद्ध तथा जन-स्वास्थ्यको विकासको लागि कार्य गर्ने,
३) प्राथमिक उपचार, स्वास्थ्य शिक्षा, जनचेतना अभिवृद्धि गर्ने कार्य संचालन गर्ने, दैवीप्रकोप उद्धार सेवा र स्वास्थ्य तथा त्यस्तै अन्य सेवा कार्यमा संलग्न रहने व्यक्तिहरुको लागि तालिम सञ्चालन गर्ने,

४) युवाहरुको निम्ति स्वास्थ्य सुरक्षा, जीवन रक्षा, पारस्परिक सेवा कार्य तथा अन्तर्राष्ट्रिय समझदारी वृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने,
५) रेडक्रस सिद्धान्त र अन्तर्राष्ट्रिय मानवीय कानूनको प्रचार-प्रसार गर्ने,
६) संकटाभिमुख समुदायको लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।

ख) युद्धको समयमा गरिने कार्यहरु यस प्रकार छन् :

१) युद्धमा घाइते भएकाहरुको उपचार गर्ने तथा आवश्यक सेवा पुऱ्याउने ।
२) युद्धबन्दीहरु तथा अन्य नागरिक बन्दीहरुको लागि मानवीय सहायता पुऱ्याउने ।
३) विपदमा परेकाहरुको सन्देश एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउने ।

## ४) जेनेभा महासन्धिमा हस्ताक्षर गर्ने मुलुकहरु :

जेनेभा महासन्धिमा हस्ताक्षर गर्ने मुलुकहरु अन्तर्राष्ट्रिय रेडक्रस अभियानका एक महत्त्वपूर्ण अङ्ग हुन् । कुनै पनि देशले जेनेभा महासन्धिमा हस्ताक्षर नगरीकन त्यस देशमा राष्ट्रिय रेडक्रस सोसाइटीको गठन हुन सक्दैन । अन्तर्राष्ट्रिय मानवीय कानूनहरुको तर्जुमा एवं कार्यान्वयन गर्ने कार्यमा जेनेभा महासन्धिमा हस्ताक्षर गर्ने मुलुकहरुको प्रमुख भूमिका रहन्छ । प्रत्येक ४ वर्षमा हुने अन्तर्राष्ट्रिय रेडक्रसको सम्मेलनमा पनि यी मुलुकहरुले भाग लिन्छन् ।

## ५) रेडक्रसको अन्तर्राष्ट्रिय सम्मेलन (International Conference of Red Cross)

अन्तर्राष्ट्रिय रेडक्रसको सर्वोच्च अङ्ग रेडक्रसको अन्तर्राष्ट्रिय सम्मेलन हो । यस्तो सम्मेलन प्रत्येक ४ वर्षमा एक पटक हुन्छ जसमा रेडक्रसको अन्तर्राष्ट्रिय समिति (ICRC), रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ Federation)), राष्ट्रिय रेडक्रस सोसाइटीहरु (National Red Cross and Crescent Societies) र जेनेभा महासन्धि (Geneva Conventions) मा हस्ताक्षर गर्ने मुलुकका सरकारका प्रतिनिधिहरुले भाग लिन्छन् । यस्तो सम्मेलन सबभन्दा पहिलो पटक सन् १८६७ मा पेरिसमा भएको थियो भने २८ औं सम्मेलन २००३ मा जेनेभामा सम्पन्न भएको छ ।

## ६) जेनेभा महासन्धि (Geneva Conventions)

सन् १८६४ को अगस्त महिनामा जेनेभामा विभिन्न देशका प्रतिनिधिहरु सम्मिलित भएको एक कूटनीतिक सम्मेलन भयो । यस सम्मेलनमा युद्धमा घाइते भएकाहरुको औषधि उपचार गर्ने अवस्थामा प्रयोग गर्न सेतो पृष्ठभूमिमा पाँचोटा वर्गले बनेको रेडक्रस चिन्ह र झण्डा आदि विभिन्न विषयमा एक सम्झौता भयो र यो सम्झौता नै

जेनेभा महासन्धि (Geneva Convetions) को पहिलो प्रारुप हो । यसपछि विश्वको बदलिंदो परिस्थिति र उत्पन्न नयाँ समस्याहरुको समाधानका लागि विभिन्न समयमा विभिन्न देशका प्रतिनिधिहरुले विभिन्न प्रकारका सम्झौतामा हस्ताक्षर गर्दै आए ।

१८६४ अगस्त २२ मा पहिलो जेनेभा महासन्धि स्वीकृत गरिएको थियो । १८९९ मा हेगमा भएको सम्मेलनले दोस्रो महासन्धिको प्रतिपादन गऱ्यो । १९०७ मा दोस्रो जेनेभा महासन्धिका सम्बन्धमा १८९९ मा पूरा हुन नसकेका कुराहरुलाई पूरा गरिएको थियो । १९२९ जुलाई २७ मा जेनेभामा भएको सम्मेलनले तेस्रो जेनेभा महासन्धि पारित गऱ्यो । यस्तै १९४९ अगस्त १२ मा जेनेभामा भएको कूटनीतिक सम्मेलनले चौथो जेनेभा महासन्धि पारित गऱ्यो । यसरी क्रमशः बिस्तार हुँदै गएको जेनेभा महासन्धिलाई एकै ठाउँमा सङ्कलित गरी अगस्त १२, १९४९ मा अन्तिम रुप प्रदान गरियो र जेनेभा महासन्धिको वर्तमान स्वरुप त्यही समयमा स्वीकृत गरिएको रुप हो । सन् २००३ को अन्तसम्म जेनेभा महासन्धिमा संसारका १९१ देशहरुले हस्ताक्षर गरिसकेका छन् ।

उल्लिखित चार जेनेभा महासन्धिका आधारभूत कुराहरु संक्षिप्त रुपमा निम्नानुसार छन्:

१) १२ अगस्त १९४९ को पहिलो जेनेभा महासन्धि : यस महासन्धिले रणभूमिका घाइते तथा बिरामी भएका सशस्त्र सेवाका जवानहरुको सुरक्षासम्बन्धी व्यवस्था गरेको छ ।
२) १२ अगस्त १९४९ को दोस्रो जेनेभा महासन्धि : जल सेनाका घाइते, बिरामी तथा दुर्घटनाग्रस्त जहाजका नाविकहरुको सुरक्षा सम्बन्धी व्यवस्था यो महासन्धिअनुसार युद्धमा सशस्त्र सेनाका घाइते बिरामी जवानहरुको सुरक्षा तथा हेरचाह हुनु पर्दछ । उनीहरुले मानवोचित व्यवहार पाउनुपर्दछ ।
३) युद्धबन्दीहरुप्रति गरिने व्यवहारसम्बन्धी १२ अगस्त १९४९ को तेस्रो जेनेभा महासन्धिः सशस्त्र सेनाका जवानहरु जब शत्रु देशद्वारा बन्दी तुल्याइन्छन्, तिनीहरु युद्धबन्दीको रुपमा रहन्छन् । युद्ध बन्दीहरुले मानवीय व्यवहार पाउनुपर्दछ । बन्दी तुल्याउने देशले युद्धबन्दीहरुलाई निःशुल्क खाना बस्ने ठाउँ र स्वास्थोपचारको व्यवस्था गर्नुपर्दछ ।
४) युद्धको समयमा असैनिक नागरिकहरुको सुरक्षासम्बन्धी १२ अगस्त १९४९ को चौथो जेनेभा महासन्धि : साधारण नागरिकमाथि हमला गर्नु हुँदैन र सुरक्षा प्रदान गरी मानवीय व्यवहार गर्नुपर्दछ । घाइते बिरामी तथा नागरिक, अस्पताल र साँस्कृतिक स्थल इत्यादिको मर्यादा राख्नुपर्दछ ।

सन् १९७७ मा जेनेभा महासन्धिमा दुईवटा थप अतिरिक्त सन्धिहरु (**Additional Protocols**) राखिएका छन् । पहिलो अतिरिक्त सन्धिमा अन्तर्राष्ट्रिय सशस्त्र युद्धको समयमा अव्यवस्थित युद्ध, स्वतन्त्रता संग्राम र गुरिल्ला लडाई तथा योद्धाको व्यवहार आदिबाट साधारण नागरिकहरुको सुरक्षा विषयमा धेरै महत्त्वपूर्ण व्यवस्थाहरु गरेको छ । दोस्रो अतिरिक्त सन्धि पहिलोको सरलीकृत अंश हो, जुन राष्ट्रिय युद्धको (आन्तरिक संघर्ष) विशेष परिस्थितिमा प्रयोग हुन्छ । यी अतिरिक्त सन्धिहरुमा पनि सरकारहरुले क्रमशः हस्ताक्षर गर्दै छन् ।

## ७) रेडक्रसका आधारभूत सिद्धान्तहरु

रेडक्रस भनेको मान्छेका मनभित्र रहेका असल भावनाहरुको संस्थागत अभिव्यक्ति हो । कुनै पनि पीडित व्यक्तिलाई मानवीय सेवा गर्ने कार्यमा संसारका कुना-कुनामा छरिएर रहेका रेडक्रसका करोडौं-करोड कार्यकर्ताहरुलाई सजिलैसँग बाटो देखाउन रेडक्रसका आधारभूत सिद्धान्तहरु के-के हुन भनेर स्पष्ट रुपमा तोकिएको छ । यस्ता सिद्धान्तहरु सातवटा छन् । र बुझ्न सजिलो होस् भनेर यी सिद्धान्तहरुको संक्षिप्त चर्चा तल गरिएको छ :

१) मानवता, (२) निष्पक्षता, (३) तटस्थता, (४) स्वाधीनता (५) ऐच्छिक सेवा, (६) एकता र (७) विश्व-व्यापकता

१) मानवता (**Humanity**) : "मानव" को अर्थ मान्छे हो र यसमा "ता" भन्ने प्रत्यय थपेपछि यसको अर्थ हुन्छ (१) मान्छे हुनुको विशेषता, (२) सम्पूर्ण मानवजाति, (३) मान्छे बन्न चाहिने गुण, (४) मान्छेको स्वभाग, प्रतिष्ठा, आदर्श आदिमा विश्वास वा मान्छेले मान्छेहरुप्रति गर्ने असल व्यवहार ।

हुन त "मानवता" का यी सबै अर्थको ज्ञान हुनु आवश्यक छ तर रेडक्रसमा हामीलाई सबभन्दा बढी सम्बन्ध यसको चौथो अर्थसँग छ । रेडक्रसका कार्यकर्तालाई काम गर्न सजिलो होस् भनेर "मानवता" शब्दको अर्थलाई अझ बढी स्पष्ट पारिएको छ ।

रेडक्रसले गरेको अर्थअनुसार "मानवता" को पहिलो अर्थ हो :

सकेसम्म आपत्तिलाई पूरै हटाउनु ।
कहिले मान्छेहरु आपसमा लडाइँ-झगडा गर्छन् काटाकाट र मारामार हुन्छ । कहिले प्राकृतिक शक्तिको कारणबाट बाढी, पहिलो जान्छ त कहिले सामाजिक परिस्थितिमा मान्छेमाथि आइपरेको आपत्तिलाई सकेसम्म पुरै हटाउनु "मानवता" को पहिलो अर्थ हो ।

"मानवता" को दोस्रो अर्थ हो : आपत्तिलाई कम गर्नु ।

सधैं मान्छेको आपत्तिलाई पूरै हटाउन सम्भव हुँदैन । यस्तो परिस्थितिमा विपत्तिलाई कम मात्रै गर्न सकिन्छ । जसरी क्यान्सर रोगलाई पूरै निको पार्न हालसम्म सकिएको छैन र डाक्टरहरुले त्यसलाई कम गर्छन् । त्यसरी नै रेडक्रसले पनि कतिपय विपत्तिलाई पूरै हटाउन सक्दैन, खालि कम गर्ने वा घटाउने काम गर्छ ।

अब फेरि अर्को प्रश्न उपस्थित हुन्छ-आपत्ति भनेको नै के हो ? केही चीजहरु यस्ता छन् जुन नभई मान्छे बाँच्न सक्दैन । यसको सबभन्दा राम्रो उदाहरण त हावा हो तर सौभाग्यको कुरा के छ भने हावा संसारभरिका सबै मान्छेलाई सजिलैसँग उपलब्ध छ । यसबाहेक मान्छेलाई नभई नहुने अरु कुराहरु हुन् खाना, लुगा फाटो र आवास । संसारभरिका सबै मान्छेलाई बाँच्नका लागि खाना खानैपर्छ, जिउ ढाक्नलाई लुगा नभई हुन्न र घाम-पानीबाट बच्नका लागि बस्ने ठाउँ हुनु पनि नितान्त जरुरी छ । अझ यसमा स्वास्थ्य र शिक्षालाई पनि थप्न सकिन्छ । बिरामी हुँदा सबैले औषधिमूलो गर्न पाउनुपर्छ र अज्ञानको अन्धकारबाट ज्ञानको उज्यालोमा पुग्नका लागि पढ्न पनि ।

रेडक्रसका दृष्टिमा यीमध्ये कुनै पनि एक चीज नहुनु आपत्ति हो र सकेसम्म त्यसलाई पूरै हटाउनु, पूरै हटाउन सम्भव नभए पनि कम गर्नु रेडक्रसका कार्यकर्ताको कर्तव्य हो ।

"मानवता" को तेस्रो अर्थ हो : जीवन तथा स्वास्थ्यको सुरक्षा गर्नु ।

रेडक्रसले सरसफाइको कुरा सिकाउँछ, प्राथमिक उपचार सेवा सञ्चालन गर्छ, बिरामीलाई ओसार्न स्ट्रेचर तथा एम्बुलेन्स गाडीको व्यवस्था गर्छ, मर्न लागेको बिरामीलाई रगत दिएर पुनर्जीवन दिन्छ र पछि रोग नलागोस् भनेर खानेपानी योजना संचालन गर्छ । यी सबै जीवन तथा स्वास्थ्यको सुरक्षा गर्नका लागि सञ्चालन गरिएका कार्यक्रमका उदाहरण हुन् ।

"मानवता" को चौथो अर्थ हो : मानवीय सम्मानलाई सुनिश्चित गर्नु ।

रेडक्रसका दृष्टिमा सबै मान्छे बराबर छन् र सबैको इज्जत बराबर छ । सर्कलाई होच्याउनु, हेपेर बोल्नु, उसको इज्जत कम गराउनु र "अहम्" मा चोट पर्ने कुरा गर्नु रेडक्रसको सिद्धान्तसँग मेल नखाने कुरा हुन् ।

"मानवता" को पाँचौं अर्थ हो : समझदारी, मित्रता, सहयोग र चिरस्थायी शान्ति ।

संचारमा बस्ने मान्छेहरुको जीवन बिताउने र सोच्ने तरीका फरक फरक छ, संस्कृति र मान्यता फरक छन्, छालाको रङ्ग र वेशभूषामा अन्तर छ । सबै मान्छेले अरु

मान्छेको जीवन र संस्कृतिको सम्बन्धमा समझदारी राख्नुपर्छ र कदर गर्नुपर्छ । संसारको जुनसुकै कुनामा सबे पनि मान्छेमाथि आपत् आइलाग्दा हामी आफूले सकेको सहयोग गर्न सक्छौं । यदि यस्तो हुने हो भने संसारमा लडाइँ-झगडा नै हुने थिएन । पारस्परिक मित्रता र सहयोगमा सबैले हतेमालो गर्न थालेपछि बन्दुक उठाउनका लागि कुनचाहिं हात बाँकी रहन्छ र ?

संसार रेडक्रसले चिताएजस्तो राम्रो र रमाइलो भइसकेको छैन तर रेडक्रसलाई विश्वास छ-कुनै-न-कुनै दिन यस्तो सुनौलो संसार उदाउनेछ ।

“मानवता” भन्ने सिद्धान्तको अर्थले रेडक्रसका कार्यकर्ताहरुलाई स्पष्ट हुन्छ रेडक्रसले कुन काम गर्न हुन्छ र कुन काम गर्न हुँदैन । हाम्रो नेपालजस्तो मुलुकमा रेडक्रसले गर्नुपर्ने अथवा गर्न सक्ने कामहरु साह्रै धेरै छन् । यस्तो परिस्थितिमा चाहिं साधन र स्रोत हेरी प्राथमिकता तोकेर काम गर्नुपर्ने हुन्छ ।

२. निष्पक्षता **(Impartiality)**

“निष्पक्षता” शव्दको अर्थ त सजिलो पनि छ -पक्षपात नगर्नु । रेडक्रसका आधारभूत सिद्धान्तहरुमा प्रयोग गरिएको “निष्पक्षताको” पहिलो अर्थ हो : कुनै पनि आधारमा कसैप्रति पनि भेदभाव नगर्नु ।

धरती सबै मान्छेको हो र हामी सबै यस धरतीका सन्तान हौं । अहिले संसारका मान्छेहरु कैयौं देशमा बाँडिएका छन्, मान्छेहरुलाई फरक फरक जातमा भाग लगाइएको छ, मान्छेहरुको धर्म फरक-फरक छ र राजनीतिक विचारधारामा पनि अन्तर छ । हामी कसैले पनि यही ठाउँमा जन्मन पाऊँ भनेर रोजेका थिएनौं, जात-पात भन्ने कुरा खास परिवारमा जन्मेको कारणबाट हामीसँग टाँसिन पुगेको हो, धार्मिक विश्वास पनि मान्छहरुको फरक-फरक छ र राजनीतिक विचारधारमा अन्तर हुनु त झन् स्वाभाविक कुरा हो । यति हुँदा-हुँदै पनि त आखिर हामी विशाल मानव परिवारका नै सदस्य हौं ।

सबै देशका मान्छेहरु आ-आफ्नै देशमा रमाऊनु, सबैलाई आ-आफ्नो राजनीतिक विचारधारा रोज्ने स्वतन्त्रता मिलोस् तर रेडक्रसको भने यही नै भन्ने आफ्नो कुनै देश छैन तापनि रेडक्रस सबै देशलाई आफ्नो देश ठान्दछ । रेडक्रसको आफ्नो कुनै जान छैन, अपितु रेडक्रसले सबै जातको कदर गर्दछ । रेडक्रसको आफ्नो भन्ने कुनै पनि धर्म छैन, सबै धर्मको सम्मान गर्दछ । रेडक्रसको आफ्नो राजनीतिक विचारधारा कुनै छैन, बरु सबै राजनीतक विचारधाराको उत्तिकै कदर गर्दछ ।

त्यस कारण रेडक्रसले कहिले पनि सहयोग गर्नुभन्दा पहिले “तपाईको घर कहाँ हो ?” भनेर सोध्ने गर्दैन, सबै देशका मान्छेलाई सेवा पुऱ्याउँछ । यसरी नै जाति, धार्मिक विश्वास, वर्ग र राजनीतिक विचारधारासँग पनि कुनै मतलब छैन । आपत्मा परेको मान्छेलाई सहयोग गर्नु रेडक्रसको मुख्य कार्य हो चाहे ऊ जोसुकै होस्, जहाँसुकैको होस् र जुनसुकै विचारको होस् ।

निष्पक्षताको दोस्रो अर्थ हो : आवश्यकताका आधारमा सहयोग गर्नु ।

कसैलाई कुन प्रकारको आपत् परेको छ र त्यस आपत्लाई हटाउन कस्तो सहयोग गर्नुपर्छ ? त्यो रेडक्रसले उपलब्ध गराउँछ । भोको मान्छेलाई खाना दिनुपर्छ तर लुगा होइन । त्यसरी नै नाङ्गो मान्छेलाई लुगा दिनुपर्छ, खाना होइन । आवश्यकताका आधारमा बढी आपत् परेकोलाई सबभन्दा पहिले सहयोग गर्नु ।

निष्पक्ष रेडक्रसले पनि एउटा पक्षपातचाहि गर्छ र यस्तो पक्षपात हो सबभन्दा बढी आपत् परेकालाई सबभन्दा पहिले सहयोग गर्नु । कसैलाई साधारण चोटपटक लागेको छ र अर्कालाई तुरुन्तै उपचार नगरेको खण्डमा मर्न पनि सक्ने स्थिति छ भने मर्न सक्ने खालको बिरामीको उपचार सबभन्दा पहिले रेडक्रसले गर्छ र पछि साधारण चोटपटक लागेको मान्छेको । सबभन्दा बढी आपत् परेकोलाई सबभन्दा पहिले सहयोग गर्नु भनेको यही हो । यस्तै नियम रेडक्रसका अरु सेवा कार्यक्रममा पनि लागू हुन्छ ।

“निष्पक्षता” भन्ने सिद्धान्तले रेडक्रसले कसरी काम गर्नुपर्छ भन्ने कुरा सिकाउँछ ।

## ३. तटस्थता (Neutrality)

झट्ट  हेर्दा “निष्पक्षता” र “तटस्थता” को अर्थ उस्तै लाग्छ र यी दुईको बीचमा के फरक छ  त्यो स्पष्ट पार्न पनि निकै कठिन छ । त्यस कारण पहिले “तटस्थता” शव्दको नै अर्थ  पत्ता लगाउने कोशिश गरौं । “तट” को अर्थ किनार हो र “स्थ” भनेको रहनु । यसमा “ता” जोडेपछि बन्ने “तट्स्थता” शव्दको अर्थ हुन्छ किनारमा रहनु वा किनारमा रहने भाव वा गुण । जसरी नदीको किनारमा उभिएको मान्छेलाई नदीको पानीले भिजाउँदैन, त्यसरी नै आफूभन्दा बाहिरका राम्रा या नराम्रा कुराहरुले नछोइनु वा प्रभावित नहुनु ”तटस्थता“ को अर्थ हो ।

शव्दकोशमा भेटिने तटस्थताको धेरै अर्थमध्ये एउटा यस्तो पनि फेला पर्छ : कुनै गुटमा नलाग्ने वा कसैको पक्ष नलिने वा अचेलको राजनीतिअनुसार कुनै दुई देशको युद्ध, झगडा आदिमा नअल्झी अलग्ग रहने स्थिति अवस्था वा गुण ।

रेडक्रसका सन्दर्भमा रेडक्रसका कार्यकर्ताहरुका लागि तटस्थताको व्याख्या यस प्रकार गरिएको छ ?

"तटस्थता" को पहिलो अर्थ हो : विवाद र शत्रुतापूर्ण व्यवहारमा नअल्झनु ।

विवाद दुई व्यक्तिको बीचमा पनि चलिरहेको हुन सक्छ अथवा दुईथरी समाजको बीचमा । शत्रुतापूर्ण व्यवहार दुईथरी वा अझ धेरैथरी विचारधाराको बीचमा उत्पन्न भएको पनि हुन सक्छ र दुई वा धेरै राष्ट्रहरुका बीचमा शत्रुतापूर्ण व्यवहारको कारणबाट भयङ्कर युद्ध नै छेडिइसकेको पनि हुन सम्भव छ तर यस्तो विवाद वा शत्रुतापूर्ण व्यवहारमा रेडक्रस कहिल्यै पनि अल्झँदैन ।

"तटस्थता" को दोस्रो अर्थ हो : विवाद र शत्रुतापूर्ण व्यवहारको कारणसँग मतलब नराख्नु ।

विवाद र शत्रुतापूर्ण व्यवहारको कारण कतै राजनीति हुन्छ र कतै जाति । कतै धर्म हुन्छ भने कतै वैचारिक मतभेद तर रेडक्रस यस्ता कारणहरुबाट अलग्ग रहन्छ । कुन ठीक वा कुन बेठीक भनेर छुट्याउनु रेडक्रसको काम होइन, यो त अदालत वा त्यस्तै अन्य कुनै निकायको काम होला । रेडक्रस कहिल्यै पनि न्यायाधीशको काम गर्न चाहँदैन । "तटस्थता" किन आवश्यक छ त ? फेरि अर्को प्रश्न हाम्रा सामु तेर्सिन्छ । "तटस्थता" आवश्यक छ : सबैको विश्वास जित्नका लागि । विवाद र शत्रुतापूर्ण व्यवहारमा अल्झने हो भने सबैको विश्वास प्राप्त गर्न सकिन्न । झगडा जित्नेले प्रशंसा गरे पनि हार्नेको मन त पक्कै भाँचिन्छ । अहिलेको संसारमा सबैले विश्वास गरेको एउटै मात्र संस्था रेडक्रस हो र यसो हुन सक्नुको एक मात्र कारणचाहिं रेडक्रस विवाद र शत्रुतापूर्ण व्यवहारमा नअल्झनु हो । यस सिद्धान्तलाई रेडक्रसका कार्यकर्ताले व्यवहारमा ढाल्ने कोशिश सधैं गर्नुपर्छ । देशको साधारण नागरिकको रुपमा कुनै विषयको पक्ष या विपक्षमा आफ्नो अधिकारको प्रयोग गर्न हामी स्वतन्त्र छौं तर रेडक्रसको नामलाई विवादसँग मुछ्नु हुँदैन । कार्यकर्ताले सार्वजनिक रुपमा विवाद हुन सक्ने विषयहरुमा रेडक्रस संस्थालाई र आफूलाई समेत बिलकुलै तटस्थ राख्नुपर्छ ।

तटस्थता सिद्धान्तले रेडक्रस संस्था र यसका कार्यकर्ताको आचरण कस्तो हुनुपर्छ भन्ने कुरा बुझाउँछ ।

## ४. स्वाधीनता (Independence)

अरुको अधीन या बन्धनमा नभएकोलाई "स्वाधीन" भनिन्छ । रेडक्रसका लागि "स्वाधीनता" को पहिलो अर्थ हो :

रेडक्रसले आफ्नो विधान, नियम र काम गर्ने तरीका आफैं बनाउँछ । रेडक्रस अरु कुनै बाहिरी संस्थाको अधीन या बन्धनमा छैन । अरु कसैले तोके वा भनेअनुसार काम गर्ने संस्था रेडक्रस होइन, अपितु रेडक्रस त आफ्नो विधान, नियम र काम गर्ने तरीका आफैं निर्धारित गर्छ तर यसको अर्थ मनपरी गर्ने

स्वतन्त्रता पनि होइन । रेडक्रसका आधारभूत सिद्धान्तअनुसार रेडक्रसका सबै कार्यकर्ताले यो काम गर्नैपर्छ र पीडित मानवताको सेवाका लागि समर्पित हुनैपर्छ ।

स्वाधीनताको दोस्रो अर्थ हो : देशको ऐन-कानूनको पालन गर्नु ।
आफ्नो देशको सरकारले मान्छेमाथि आइपरेका आपत्तिलाई हटाउने वा कम गर्ने उद्देश्यले सञ्चालन गरेका सबै कार्यक्रमहरुमा त्यस देशको रेडक्रसले सहयोग गर्छ र आफ्नो देशका सबै ऐन-कानूनको पालन पनि गर्छ तर सरकारका मानवीय सेवा कामहरुमा मात्र रेडक्रस आफू सामेल हुनुपर्छ । रेडक्रसका कार्यकर्ताहरुले एउटा सूत्रलाई सधैं मनमा राख्नु शायद राम्रो हुन्छ :

मानवीय कार्यमा सबैसँग सहयोग, अन्यथा न दासता, न टक्कर । अर्थात् मानवीय कार्य रहेछ भने रेडक्रसले सरकारी या गैर-सरकारी सबै संघ-संस्थाहरुसँग मिलेर सहयोग गर्दछ तर मानवीयबाहेक अर्कै खालको काम रहेछ भने अरु कुनै संस्था वा निकायको दास बनेर त्यो काम गर्दैन, न त त्यो काम "आफूलाई मन परेन" भन्ने निहुँ बनाएर त्यस्तो काम गर्ने संघ संस्थासंग टक्कर नै लिंदै हिंड्छ ।

"स्वाधीनता" भन्ने सिद्धान्त भएन भने कुनै बेला रेडक्रसका कार्यकर्ताले आधारभूत सिद्धान्तबमोजिम काम गर्न नपाउने स्थिति हुन सक्छ । त्यस कारण यस सिद्धान्तको रक्षा सबैले गर्नुपर्छ र "स्वाधीनता" को नाममा "उद्दण्डता" प्रदर्शित गरिनु अझ बढी सिद्धान्तविरोधी काम हुन जान्छ ।

## ५. ऐच्छिक सेवा (Voluntary Service)

"ऐच्छिक सेवा" भनेको स्वयंसेवा हो । करकापले नभई आफ्नै राजीखुशीले अरुको भलो हुने काममा लाग्नु "ऐच्छिक सेवा" वा "स्वयम्सेवा" को सच्चा अर्थ हो ।

रेडक्रसका आधारभूत सिद्धान्तमा रहेको "ऐच्छिक सेवा" को अर्थ पनि यही नै हो । रेडक्रस त्यस्ता धेरै-धेरै मान्छेहरुको एउटा विशाल जमात हो, जो आफ्नै इच्छाले अरुको भलाइ गर्न भनेर काम गरिरहेका छन् । अरुको अहित गरेर अथवा अरुको अहित नगरेर पनि आफ्नो मात्र भलाइ गर्न चाहने मान्छे रेडक्रसको असल कार्यकर्ता बन्न सक्दैन । चौबीसै घण्टा या बाह्रै महिना रेडक्रसको कार्यकर्ताले अरुको भलाइ हुने काम मात्र गर्नुपर्छ र कुनै पनि बेला आफ्नो भन्ने काम नै गर्न हुँदैन भन्नु यसको आशय  होइन । वर्षमा १ महिना अथवा १ महिनामा १ हप्ता वा १ हप्तामा १ दिन वा सो पनि नसके १ दिनमा पाँचै मिनेट मात्र भए पनि रेडक्रसको कार्यकर्ताले अरुको भलाइमा आफूलाई लगाउनुपर्दछ ।

भोज-भतेरमा मीठो-मीठो र सबभन्दा पहिले मैले नै खानुपर्छ, सबभन्दा ठूलो पद मेरै हातमा हुनुपर्छ, विदेश जाने सबभन्दा राम्रो पहिलो अवसर मैले नै पाउनुपर्छ

भनेर चर्को आवाजमा कुर्लनेहरुकालागि उपयुक्त संस्था अरु नै होलान्, रेडक्रसचाहिं पक्कै होइन ।

त्यस कारण रेडक्रसमा "ऐच्छिक सेवा" को अर्थ हो : राजीखुशीले काम गर्नु र काम गरेबापत केही चीज पाउने आशा नगर्नु ।

कहिले-काही "स्वयसेवा" को अर्थ लगाइन्छ "मन लागे काम गर्नु, नत्र नगर्नु ।" यस्तो अर्थ लगाउनु सेतोलाई कालो भन्नु बराबर हो । इच्छा छैन भने पहिले नै त्यो काम गर्न सक्दिनँ भन्ने स्वतन्त्रता रेडक्रसमा सबैलाई छ तर राजीखुशीले "काम गर्छु" भनेर जिम्मा लिइसकेपछि "मन लागेन" भनेर नगर्ने मनपरीतन्त्र भने रेडक्रसले मान्दैन ।

"ऐच्छिक सेवा" को अर्को गलत अर्थ लगाइन्छ - स्वयंसेवकलाई गल्ती गर्ने स्वतन्त्रता छ र यसबापत उसलाई कुनै जरीवाना हुँदैन । यो पनि नबुझ्नेहरुको गलत भनाइ हो । राजीखुशीले वहन गरेको जिम्मेवारी अझ बढी इमान्दारी, लगनशीलता, आस्था र निष्ठापूर्वक वहन गर्नुपर्ने हुन्छ । जिम्मेवारी वहन नगरेको कारणबाट भोग्नुपर्ने दण्डको भागी जोसुकै पनि हुन्छ, चाहे त्यो स्वयमसेवक होस् वा अरु नै कोही ।

रेडक्रसमा राजी-खुशीले सदस्य बनिन्छ र काम पनि राजी-खुशीले नै गरिन्छ । त्यसैले रेडक्रसका कार्यकर्ताले कुनै पनि लाभको आशा गर्नु  हुँदैन । व्यक्तिगत लाभका निमित्त सदस्य बन्नु वा काम गर्नु रेडक्रसकै सिद्धान्तसँग मेल नखाने कुरा हुन् ।

६. एकता **(Unity)**

"एकता" को अर्थ हो-एउटै आदर्श, सिद्धान्त र विचार राखेर सबै आपसमा मिलेर बस्नु वा मिलेर काम गर्नु । त्यसैले रेडक्रसमा पनि "एकता" को अर्थ हो : एउटै आदर्श, सिद्धान्त र विचार राख्नु र काम गर्ने तरीका एउटै हुनु ।
एउटै आदर्श, सिद्धान्त र विचार राख्ने र काम गर्ने तरीका भएपछि दुईथरी रेडक्रसको आवश्यकता हुँदैन । विद्यार्थी संगठन दुईथरी हुन सक्लान् र शिक्षक संगठन दुईथरी बन्लान्, किनभने तिनीहरुको आदर्श र सिद्धान्त नमिल्न सक्ला र काम गर्ने तरीकामा फरक आउला तर रेडक्रसमा भने यस्तो हुँदैन ।

त्यस कारण रेडक्रसमा "एकता" को अर्थ हुन्छ एउटा देशमा एउटै मात्र राष्ट्रिय रेडक्रस सोसाइटी हुन्छ, अर्को समानान्तर सोसाइटी खोल्न पाइँदैन । एउटा जिल्लामा रेडक्रसको एउटै मात्र शाखा, हुन्छ, अर्को समानान्तर शाखा खोल्न पाइँदैन । गाउँ वा नगरको निश्चित सीमाभित्र एउटै मात्र संगठन हुन्छ र एउटा विद्यालयमा एउटै मात्र नेपाल जुनियर रेडक्रस सर्कल । अर्को समानान्तर संगठन खोल्न पाइन्न ।

अब यहाँ प्रश्न उठ्छ-समाजमा भिन्न विचार राख्नेहरु पनि हुन्छन् र रेडक्रसकै निकायले पनि गलत बाटो लिन सक्छ। यसको समाधान कसरी गर्ने ?

त्यसैले “एकता” को दोस्रो अर्थ पनि छ र त्यो हो :
रेडक्रस सबैका लागि खुला हुनुपर्छ।

रेडक्रसको सदस्यता सबैका लागि खुला हुनुपर्छ र रेडक्रसमा प्रवेश गर्ने मूलद्वारमा भोटे ताल्चा ठोक्नु रेडक्रसविरोधी काम हो। यदि कतै सबैका लागि खुला भएमा रेडक्रसमाथि आफ्नो प्रभुत्व नरहने डरले भिन्न विचार राख्नेहरुलाई टाढा राखिन्छ भने त्यो सरासर गलत काम हो।

“एकता” को अर्को अर्थ हो : आफ्नो सबै क्षेत्रमा काम गर्नु। उदाहरणका लागि नेपाल रेडक्रसको पूरै क्षेत्र नेपाल हो र देशभरि रेडक्रसले आफ्नो सेवा कार्यक्रमहरु संचालन गर्नेपर्छ। नेपाल रेडक्रसको कुनै जिल्ला शाखाको क्षेत्र पूरै जिल्ला हो र पूरै जिल्लाभरि जिल्ला शाखाले हेर्नुपर्छ। यस्तै नियम नेपाल रेडक्रसका अन्य नियकाहरुका हकमा पनि लागू हुन्छ।

७. विश्व-व्यापकता **(Universality)**

विश्व-व्यापकताको शव्दिक अर्थ हो-संसारभरि ढाकिएको हुनु वा रहनु।

रेडक्रसको कार्यक्षेत्र पूरै संसार हो। जहाँ मान्छे छन्, त्यहाँ मान्छेमाथि आपत्ति आइपर्न सक्छ र त्यहाँ रेडक्रस हुनुपर्छ। २०६० को अन्तसम्म १९१ मुलुकहरुले जेनेभा महासन्धिमा हस्ताक्षर गरिसकेका छन् र ती मध्ये १८१ मुलुकमा राष्ट्रिय सोसाइटीको गठन भइसकेको छ। बाँकी देशहरुमा पनि राष्ट्रिय सोसाइटीहरुको गठन गर्ने प्रयास भई नै रहेको छ।

“विश्वव्यापकता” को पहिलो अर्थ हो : रेडक्रसमा सबैको सम्मान बराबर छ।

सबै राष्ट्रिय रेडक्रस सोसाइटीहरुलाई रेडक्रसमा बराबर इज्जत दिइएको छ। संयुक्त राष्ट्रसंघमा जस्तो पाँच शक्ति राष्ट्रहरुलाई विशेषाधिकारको व्यवस्था यहाँ छैन। यसैअनुरुप नेपाल रेडक्रसमा सबै जिल्ला शाखाहरुको सम्मा पनि बराबर हुन्छ, चाहे देशको प्रधानमन्त्री होस् वा साधारण किसान, रेडक्रसको सदस्यको रुपमा दुवैथरीको सम्मान बराबर हुन्छ, सम्मानमा कुनै फरक छैन।

विश्व-व्यापाकताको दोस्रो अर्थ हो : एकले अर्कालाई मद्दत गर्नु सबैको समान कर्तव्य हो।

परेको बेलामा सबैलाई सहयोग गर्नु नै रेडक्रस हो र रेडक्रसभित्र परेको बेलामा सबै राष्ट्रिय सोसाइटीले एक अर्कालाई मद्दत गर्दछन्, एउटा जिल्ला शाखा अर्को जिल्ला शाखाको मद्दतको लागि सधैं तयार रहन्छ । यस्तै नियम रेडक्रसका अन्य निकाय र सदस्यका हकमा पनि लागू हुन्छ ।

अब एक छिन "आधारभूत" र "सिद्धान्त" शब्दलाई पनि केलाउने प्रयास गरौं । "सिद्धान्त" को अर्थ हो "विचार, तर्क र अनुभवद्वारा प्रमाणित भई सबैद्वारा स्वीकार गरिएको कुनै खास "मत" र "आधारभूत" को अर्थ हो । "कुनै वस्तु अड्ने जगको रुपमा रहेको" यी सिद्धान्तहरु अन्तर्राष्ट्रिय रेडक्रस अभियानका अनुभव, तर्क र विचारद्वारा प्रमाणित भई सन् १९६५ मा सम्पन्न अन्तर्राष्ट्रिय रेडक्रसको २० औं सम्मेलनद्वारा स्वीकृत गरिएका हुन् । यी सात सिद्धान्तकै जगमा रेडक्रस अडेको छ । रेडक्रसको कुनै कार्यकर्ताले असावधानीवश गरेको कुनै नराम्रो कामले रेडक्रसको जगमा रहेको कुनै ईट खस्न सक्छ र रेडक्रसको जग कमजोर हुन सक्छ । यस्तो हुन नपाओस् भनेर कोशिश गर्नु रेडक्रसका सर्ब कार्यकर्ताहरुको जिम्मेवारी हो ।

रेडक्रसका सबै कार्यकर्ताहरुलाई यी सिद्धान्तहरु सधैं याद भइरहनु आवश्यक हुन्छ । यी सिद्धान्तहरु क्रमैसँग सम्झन सजिलो होस् भन्नका लागि एउटा शव्द रचौं-नेपालीमा "मानितस्वऐकवि" र अंग्रेजीमा "HINIVUU" । उक्त सिद्धान्तहरुको सबभन्दा पहिलो अक्षर राखेर यी कृत्रिम शव्द रचिएका छन् :

| | | |
|---|---|---|
| मा | = मानवता | **(H =Humanity)** |
| नि | = निष्पक्षता | **(I =Impartiality)** |
| त | = तटस्थता | **(N =Neutrality)** |
| स्व | = स्वाधीनता | **(I =Independence)** |
| ऐ | = ऐच्छिक सेवा | **(V =Voluntary Service)** |
| क | = एकता | **(U =Unity)** |
| वि | = विश्वव्यापकता | **(U =Universality)** |

माथिको कृत्रिम शव्द "मानितस्वऐकवि" मा "एकता" का लागि शुरुको अक्षर "ए" को प्रयोग गरिएको छैन, अपितु दोस्रो अक्षर "क" को प्रयोग गरिएको छ । यसो गर्नको कारणचाहिं यस अघिको "ऐच्छिक सेवा" को "ऐ" सँगै पर्न जाँदा झन् अप्ठ्यारो हुन्छ कि भनेर हो । त्यसैले "क" भन्दाचाहिं "एकता" भनी सम्झनुपर्ने हुन्छ .

## खण्ड : ख

## नेपाल रेडक्रस सोसाइटी

### १) स्थापना

नेपालमा रेडक्रसको आवश्यकता धेरै अघिदेखि महसुस हुँदै आएको थियो र विभिन्न समयमा यसको स्थापना गर्ने प्रयास हुँदै आएको हो । वि.स. २०२० साल भदौ १९ गते (४ सेप्टेम्बर १९६३) नेपाल रेडक्रसको निम्ति ऐतिहासिक दिन हो । यसै दिन श्री ५ को सरकार स्वास्थ्य मन्त्रालयको आव्हानमा विभिन्न व्यक्ति र संस्थाका प्रतिनिधिहरूको एक सभा भएको थियो । सिंहदरबारको कैलाश बैठकमा बसेको सो सभाले नै श्री ५ अधिराजकुमारी प्रिन्सेप शाहको अध्यक्षतामा २१ सदस्यीय नेपाल रेडक्रस तदर्थ समिति गठन गरेको थियो ।

रेडक्रसको तदर्थ समितिका अगाडि निम्नलिखित तीनवटा आधारभूत जिम्मेवारी आइपरेका थिए:

क) श्री ५ को सरकारलाई जेनेभा महासन्धिमा हस्ताक्षर गरी यसको जिम्मेवार अङ्ग बन्न अनुरोध गर्ने,
ख) लीग अफ रेडक्रस सोसाइटीज (हाल, रेडक्रस तथा रेडक्रिसेण्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघ) बाट प्राप्त नमूना विधानमा आधारित सुहाउँदो विधान तयार पार्ने र
ग) रेडक्रसको साधारण सभा बोलाई स्थायी कार्यकारिणी गठन गर्ने ।

नेपाल रेडक्रसको तदर्थ समितिद्वारा उठाइएका कदमहरूअनुरूप वि.सं. २०२० साल माघ २४ गते (७ फेब्रुअरी १९६४) श्री ५ को सरकारले जेनेभा महासन्धिमा हस्ताक्षर गरी यसको जिम्मेवार अङ्ग बन्यो ।

त्यसैबीच नेपाल रेडक्रसको विधान पनि तयार गरियो । दुईवटा महत्वपूर्ण कार्य सम्पन्न भइसकेपछि तदर्थ समितिले नेपाल रेडक्रसको केन्द्रीय कार्यसमितिको निर्वाचन हुनुभन्दा अघि प्रशस्त मात्रामा साधारण सदस्यहरू बनाउने काम गर्‍यो ।

वि.सं. २०२१ साल असार २८ गते (११ जुलाई १९६४) का दिन नेपाल रेडक्रसको तत्कालीन विधानअनुसार साधारण सभा बोलाई केन्द्रीय कार्यसमितिको निम्ति चुनाव सम्पन्न भयो । त्यसपछि उक्त सभाले श्री ५ अधिराजकुमारी प्रिन्सेप शाहलाई रेडक्रसको अध्यक्ष पदमा सर्वसम्मतिले चुन्यो र अन्य सदस्यहरूको निर्वाचन पनि सम्पन्न गर्‍यो ।

नेपाल रेडक्रसको गठन तथा गतिविधि संगसंगै यसको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मान्यताका लागि पनि त्यत्तिकै प्रयास गरिंदै थियो । तदनुरूप वि.सं. २०२१ साल साउन २५ गते काठमाडौं मजिष्ट्रेट अफिस (हालको जिल्ला प्रशासन कार्यालय) मा नेपाल रेडक्रस दर्ता भयो र दर्ता प्रमाणपत्र नं. १/०२१ प्राप्त भयो ।

वि.सं. २०२१ साल असोज १६ गते (१ अक्टोबर १९६४) नेपाल रेडक्रसलाई अन्तर्राष्ट्रिय रेडक्रस समिति **(International Committee of the Red Cross)** ले मान्यता प्रदान गर्‍यो । सोको भोलिपल्टै तत्कालीन लीग (हाल फेडरेसन) को सदस्यता प्राप्त गरी नेपाल रेडक्रस पनि अन्तर्राष्ट्रिय रेडक्रस अभियानको एक अङ्ग ( राष्ट्रिय सोसाइटी) बन्यो ।

२) दूरदृष्टि, दूरगामी लक्ष्य, उद्देश्य तथा कार्यहरू

नेपाल रेडक्रस सोसाइटीका दूरदृष्टि, दूरगामी लक्ष्य, उद्देश्य तथा कार्यहरू देहायबमोजिम छन्:

क) दूरदृष्टि

समुदाय, सरकारी र गैरसरकारी संगठनहरूसँग निकटतम सम्पर्कमा रही पारदर्शी, प्रजातान्त्रिक र सहभागितामूलक वातावरणमा रेडक्रसका आधारभूत सिद्धान्तअनुरूप जनस्तरसम्म स्थापित रेडक्रसकर्मीहरूको राष्ट्रव्यापी सञ्जालको माध्यमबाट काम गर्ने नेपाल रेडक्रस सोसाइटी मानवीय पीडामा तत्काल राहत प्रदान गर्न र सङ्कटाभिमुखता कम गर्न प्रतिबद्ध रहने एउटा कुशल, आत्मनिर्भर र स्वाधीन मानवीय संगठनको रूपमा रहनेछ ।

ख) दूरगामी लक्ष्य

संस्थाको संगठनात्मक ढाँचाको सुदृढीकरण तथा विस्तारद्वारा सरकारी एवं गैरसरकारी संगठनहरूसँग सम्पर्क स्थापनाका साथै सामुदायिक सहभागिता र स्वयंसेवकहरूको अधिकतम परिचालन गरी मानवीय पीडामा राहत प्रदान गर्ने र सङ्कटाभिमुखता कम गर्ने नेपाल रेडक्रस सोसाइटीको दूरगामी लक्ष्य हुनेछ ।

ग) उद्देश्य तथा कार्यहरू

धर्म, वर्ण, लिङ्ग, वर्ग, जात-जाति, भाषा, राष्ट्रियता वा राजनीतिक आस्थाको आधारमा भेदभाव नगरी मानवीय विपत्तिलाई रोक्न वा कम गर्न प्रयास गर्ने आधारभूत उद्देश्यअनुरूप यस संस्थाका कार्यहरू देहायबमोजिम रहनेछन्:

क) सशस्त्र युद्धको समयमा युद्धपीडित जनसाधारण तथा सैनिक दुवैको सेवा र शान्तिकालमा जेनेभा महासन्धिले निर्दिष्ट गरेको खोज-खबर (**Tracing**) लगायत सबैक्षेत्रमा काम गर्ने ।
ख) स्वास्थ्य प्रवर्द्धन एवं सुधार, रोगको रोकथाम तथा पीडा न्यूनीकरणका लागि योगदान गर्ने ।
ग) दैवीप्रकोप पीडितहरूका लागि आपत्कालीन राहत सेवाको व्यवस्था गर्ने,
घ) दैवीप्रकोप न्यनीकरण र पूर्वतयारीसम्बन्धमा भूमिका निर्वाह गर्ने ।
ङ) नेपाल रेडक्रस सोसाइटीको अभिन्न अङ्गको रूपमा जुनियर र युवा रेडक्रसको संगठन र सहभागिता प्रवर्द्धन गर्दै गतिविधिहरू सञ्चालन गर्ने,
च) मानवीय आदर्शहरूको विकास गर्ने उद्देश्यले रेडक्रस अभियानका आधारभूत सिद्धान्तहरू र अन्तर्राष्ट्र्य मानवीय कानुनको प्रवर्द्धन गर्ने ।
छ) अन्तर्राष्ट्रिय मानवीय कनूनको आदर र रेडक्रस चिह्नको संरक्षण सुनिश्चित गर्ने,
ज) सामुदायिक विकास तथा जनकल्याणसम्बन्धी अन्य काम गर्ने ।

३) सदस्यता

रेडक्रसका आधारभूत सिद्धान्तहरूबमोजिम नेपाल रेडक्रसको सदस्य बन्न चाहने १६ वर्ष उमेर पुगेको हरेक व्यक्तिलाई विना कुनै भेदभाव यसको सदस्यता सदा खुला छ । नेपाल रेडक्रस सोसाइटीको विधान, २०२० (पन्ध्रौं संशोधन २०५९ सहित) अनुसार सोसाइटीको सदस्यता ७ किसिमका छन् :
क)साधारण
ख) आजीवन
ग) विशिष्ट
घ) यशस्कर
ङ) सहयोगी
च) संस्थागत र
छ) मानार्थ ।

क) साधारण सदस्य : संस्थालाई तोकिएबमोजिमको प्रवेश शुल्क र बार्षिक सदस्यता शुल्क प्रदान गर्ने व्यक्तिलाई संस्थाको साधारण सदस्यता प्रदान गर्न सकिने छ । साधारण सदस्यता अग्रिमरूपमा एकमुष्ट शुल्क लिई ५ वर्षसम्मका लागि पनि प्रदान गर्न सकिने छ ।

ख) आजीवन सदस्य : आजीवन सदस्य बन्ने उद्देश्यले संस्थालाई तोकिएबमोजिमको प्रवेश शुल्क र सदस्यता शुल्क प्रदान गर्ने व्यक्तिलाई आजीवन सदस्यता प्रदान गर्न सकिने छ । यस्तो सदस्यताको नवीकरण गर्नु पर्दैन ।

ग) विशिष्ट सदस्य : संस्थालाई तोकिएबमोजिम विशेष दानस्वरूप एकमुष्ट नगद वा सो मूल्य बराबरको जिन्सी वा अचल सम्पत्ति प्रदान गर्ने व्यक्तिलाई केन्द्रीय कार्यसमितिले विशिष्ट सदस्यता प्रदान गर्न सक्नेछ ।

घ) यशस्कर सदस्य : संस्थालाई तोकिएबमोजिम उल्लेखनीयरूपमा दानस्वरूप एकमुष्ट नगद वा सो मूल्य बराबरको जिन्सी वा अचल सम्पत्ति प्रदान गर्ने व्यक्तिलाई केन्द्रीय कार्यसमितिले संस्थाको यशस्कर सदस्यता प्रदान गर्न सक्नेछ ।

ङ) सहयोगी सदस्य : संस्थालाई सहयोग गर्ने उद्देश्यले तोकिएबमोजिम वार्षिक शुल्क प्रदान गर्ने नेपाली नागरिक वा अन्य जुनसुकै प्रकारको सदस्यता लिने विदेशी नागरिकलाई यो सदस्यता प्रदान गर्न सकिने छ । यस्ता सदस्यहरूले निर्वाचनमा मतदान गर्न र उम्मेदवार हुन पाउने छैनन् ।

च) संस्थागत सदस्य : संस्थालाई घटीमा वार्षिक तोकिएबमोजिमको एकमुष्ट रकम प्रदान गर्ने संगठित निकायलाई संस्थागत सदस्यता प्रदान गर्न सकिने छ । त्यस्तो निकायले सम्बन्धित सभामा आफ्नो प्रतिनिधिद्वारा पर्यवेक्षकका रूपमा भाग लिन सक्नेछ ।

छ) मानार्थ सदस्य : रेडक्रसका आधारभूत सिद्धान्त र नेपाल रेडक्रस सोसाइटीको उद्देश्यअनुरूप तन, मन र बुद्धिले निरन्तर यस संस्थामा विशिष्ट सेवा वा योगदान गर्ने सदस्य वा व्यक्तिलाई निजको विशेष योगदानको कदरस्वरूप केन्द्रीय कार्य समितिले संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

जुनियर तथा युवा रेडक्रस यसको अभिन्न र महत्वपूर्ण अङ्ग हो जसको सदस्यता सम्बन्धित जुनियर वा युवा सर्कलहरूबाट मात्र छुट्टै प्राप्त गर्न सकिन्छ । यसका लागि उमेरको हद तथा सदस्यता शुल्कको व्यवस्था यससम्बन्धी नीति तथा कार्यप्रणाली निर्देशिकाअनुसार हुनेछ ।

विधानमा स्पष्ट व्यवस्था गरिएबाहेक सबै प्रकारका सदस्यको अधिकार साधारण सदस्य सरह नै रहनेछ । कुनै पनि सदस्यले आफ्नो सदस्यता स्थानान्तरण गर्न चाहेमा आफू पहिले सदस्य रहेको निकायले प्रदान गरेको निस्सासहित सम्बन्धित निकायलाई सूचना दिनुपर्नेछ ।

जुनसुकै स्तरको कार्यसमितिबाट प्रदान गरिने सदस्यता उपशाखाहरू गठन भएपछि सम्बन्धित सदस्यले इच्छाएको उपशाखामा पञ्जीकृत गराउनुपर्नेछ ।

आजीवन, विशिष्ट, यशस्कर र मानार्थ सदस्यले आफ्नो सदस्यता नवीकरण गर्नुपर्ने छैन तर साधारण र संस्थागत सदस्यले प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ । साधारण, आजीवन, विशिष्ट र यशस्कर सदस्यहरूले मात्र निर्वाचनमा मतदान गर्न र उम्मेदवार

हुनसक्नेछन् । सदस्यताको लागि आवेदन र लाग्ने शुल्क अनुरुची-१ मा छ । सदस्यताको लागि अनुसूची-२ अनुसारको आचारसंहिता पालना गर्नुपर्ने छ ।

४) सङ्गठनात्मक स्वरुप :

यसको संगठनात्मक ढाँचा ३ तहको छ । उपशाखा सभा गठन हुन नसक्ने बर्गीकरणमा पर्ने जिल्ला शाखाहरूको हकमा उपशाखा सम्पर्क समिति रहन सक्ने व्यवस्था छ :




५) कार्यक्रमहरू

नेपाल रेडक्रसले स्थापना कालदेखि नै विभिन्न सेवा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सेवा कार्यहरू परिस्थिति र आवश्यकताअनुकूल केही दीर्घकालीन र केही अल्पकालीन रहेका छन् । केही सेवा स्थायी र निरन्तर चलिरहने प्रकृतिका छन् भने केही कार्यक्रमहरू तात्कालीन छन् । स्थानीय आवश्यकता, साधन र स्रोतको आधारमा सञ्चालन गरिने विविध कार्यक्रमहरूलाई केन्द्रीयस्तरमा ७ वटा विषयगत केन्द्रीय समितिअन्तर्गत प्रभावकारी रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । ती समितिअन्तर्गतका प्रमुख कार्यक्रमहरू यस प्रकार छन् :

क) संगठन तथा जनशक्ति विकास समितिअन्तर्गत

- संगठन विकाससम्बन्धी कार्यक्रमहरू
- जनशक्ति विकाससम्बन्धी कार्यक्रमहरू
- व्यवस्थापन तथा संगठन तालिम कार्यक्रम
- महिला विकास कार्यक्रम (यसका लागि छुट्टै समिति गठित)

ख) जुनियर/युवा रेडक्रस समितिअन्तर्गत
- जुनियर/युवा संगठन विकास तथा कार्यक्रम
- विकास योजनिकाहरू, खानेपानी तथा सरसफाइ
- एड्स रोकथाम तथा प्रजनन स्वास्थ्य कार्यक्रम
- प्राथमिक उपचार सेवा
- जुनियर तथा युवा परियोजना

ग) दैवीप्रकोप व्यवस्थापन समितिअन्तर्गत
- दैवीप्रकोप पूर्वतयारी, रोकथाम, न्यूनीकरण र उद्धार
- नेरेसो प्रिन्सेप दैवीप्रकोप उद्धार कोष
- राहत सामग्री आपूर्ति
- पुनःस्थापन, पुनःनिर्माण कार्यक्रम
- शरणार्थी सहयोग कार्यक्रम
- जनसंख्या विचलनसम्बन्धी कार्यक्रम
- समुदायमा आधारित दैवीप्रकोप पूर्वतयारी कार्यक्रम
- खोजखबर सेवा (**Tracing Service**)

घ) स्वास्थ्य सेवा समितिअन्तर्गत
- रक्त सञ्चार सेवा
- एम्बुलेन्स सेवा
- स्वास्थ्य शिक्षा
- परिवार नियोजन तथा प्रजनन स्वास्थ्य कार्यक्रम
- आँखा उपचार सेवा र आँखा अस्पताल
- आधारभूत स्वास्थ्य सेवा (स्वास्थ्य शिविर, क्लिनिक, औषधि बिक्री वितरण सेवा आदि)

ङ) सामुदायिक विकास समितिअन्तर्गत
- सामुदायिक विकास परियोजना
- खानेपानी तथा सरसफाइ कार्यक्रम
- प्राथमिक उपचार कार्यक्रमहरू

च) आर्थिक तथा स्रोत परिचालन समितिअन्तर्गत
- लेखा र आन्तरिक लेखापरीक्षणसम्बन्धी नीतिगतकुराहरू
- सम्पत्ति व्यवस्थापन तथा आर्थिक स्रोत परिचालन
- सामग्री भाडा सेवा
- बजार सेवा

छ) मानवीय मूल्य प्रवर्द्धन समितिअन्तर्गत

- रेडक्रस ज्ञान तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको प्रचार-प्रसार,
- सूचना, प्रकाशन तथा अभिलेखालय
- मानवीय मूल्य प्रवर्द्धन

ज) केन्द्रीय कार्यालयको सञ्चालन व्यवस्था

माथि उल्लेख गरिएका कार्यक्रमहरू केन्द्रीय कार्यालयका विभिन्न प्रशासनिक निकायहरूबाट सञ्चालन गरिन्छन् । केन्द्रीय कार्यालयको प्रशाासनिक कार्यको रेखदेख महामन्त्रीबाट गरिन्छ । महामन्त्रीले आफ्ना कतिपय कामहरू कार्यकारी निर्देशक, विभिन्न विभाग, कार्यक्रम, शाखा र एकाइहरूका माध्यमबाट सञ्चालन गर्ने व्यवस्था छ । केन्द्रीय कार्यसमितिले आफ्नो काम कर्तव्य र अधिकारहरूमा सघाउन विभिन्न समितिहरूको व्यवस्था गरेअनुसार ती समितिहरूको सचिवालयको रूपमा समेत सम्बन्धित विभाग/निकायहरूले उक्त जिम्मेबारी निर्वाह गर्दछन् ।

# अनुसूची - १

## सदस्यताको आवेदन फारमको नमूना

(धारा १० (१) सँग सम्बन्धित)

मिति : ... ... ...

श्री ............................ज्यू,
नेपाल रेडक्रस सोसाइटी
... ... ... ... ..., ... ... ... ।

विषय :- सदस्यताको आवेदन ।

महोदय,

रेडक्रसका सिद्धान्त र उद्देश्यहरूप्रतिको आस्था तथा उक्त सोसाइटीको एक अनुशासनयुक्त सदस्यको हैसियतले मानवीय सेवाको कार्यमा लाग्ने संकल्प स्वेच्छाले अवगत गराउँदछु । संस्थाको बिधानबमोजिम सदस्यता प्राप्त गर्न म योग्य छु ,अयोग्य ठहरिएमा संस्थाले गर्ने कारबाहीमा मेरो मन्जुरी छ । तसर्थ, निम्नाङ्कित सदस्यताको लागि तल लेखिएबमोजिमको शुल्क समेत संलग्न गरी सदस्यता पाउन यो आवेदन गरेको छु । तदनुसार सदस्यता प्रदान गर्नु हुन हार्दिक अनुरोध गर्दछु । यसैसाथ संलग्न आचार-संहितामा दस्तखत गरी सो को पालना गर्न आफ्नो प्रतिबद्धता समेत जाहेर गर्दछु ।

| सदस्यताको प्रकार | प्रवेश शुल्क | सदस्यता शुल्क | जम्मा रू. |
|---|---|---|---|
| सहयोगी सदस्य (वार्षिक) | २५/- | २५/- | |
| साधारण सदस्य (एक बर्षे) | २५/- | ५०/- | ७५/- |
| साधारण सदस्य (पाँच बर्षे) | २५/- | ५०/- | २७५/- |
| आजीवन सदस्य (एकमुष्ट) | २५/- | १,०००/- | १,०२५/- |
| विशिष्ट सदस्य (एकमुष्ट घटीमा) | | २५,०००/- | २५,०००/- |
| संस्थागत सदस्य (एकमुष्ट, वार्षिक) | | २५,०००/- | २५,०००/- |
| यशस्कर सदस्य (एकमुष्ट) | | १००,०००/- | १००,०००/- |

पञ्जिकरणका लागि इच्छाएको उपशाखा /शाखा :

सिफारिश गर्ने : दस्तखत :
दस्तखत : निवेदकको नाम, थर :
नाम : जन्म मिति :
रेडक्रससँग सम्बन्धित पद : नागरिकता :
ठेगाना : स्थायी ठेगाना :
सम्पर्क ठेगाना : सम्पर्क ठेगाना :
फोन नं. : फोन नं. :

.............................................................................................................

(कार्यालयको उपयोगको निम्ति)
सदस्यताको प्रकार : दर्ता नं :
सदस्यता नं : दर्ता मिति :

## अनुसूची-२

( आवेदन फारामको पछाडि रहने)

### नेपाल रेडक्रसका स्वयंसेवक/सदस्यहरूका लागि आचार-संहिता

(धारा ४९ सँग सम्बन्धित)

नेपाल रेडक्रसको स्वयंसेवक/सदस्यको हैसियतले म देहायबमोजिम प्रतिवद्धता व्यक्त गर्दछु :

१) स्मरण गर्नेछु - "म अन्तर्राष्ट्रिय रेडक्रस अभियानको प्रतिनिधित्व गर्दैछु । "

२) म देहायका कुराहरू अध्ययन, मनन र पालना गर्दै तिनको प्रचार-प्रसार कार्यमा सहयोग गर्नेछु :

क) अन्तर्राष्ट्रिय रेडक्रस अभियानका आधारभूत सिद्धान्तहरू (मानवता, निष्पक्षता, तटस्थता, स्वतन्त्रता, ऐच्छिक सेवा, एकता र विश्वव्यापकता)

ख) रेडक्रसका ऐच्छिक/स्वयं सेवाका आर्दशहरू

ग) जेनेभा महासन्धि र तिनका अतिरिक्त सन्धिपत्रहरू

घ) रेडक्रस चिह्नको सदुपयोग, प्रबर्द्धन र दुरूपयोग रोकथाम ।

३) मानवीय पीडालाई कम गर्न सदा सचेत हुनेछु र प्रत्येक व्यक्तिलाई आदर गर्नेछु ।

४) द्विविधापूर्ण अवस्थामा निर्णय गर्नुभन्दा पहिला रेडक्रसका आदर्श र सिद्धान्तहरूलाई ध्यान दिंदै नेपाल रेडक्रसका निकायहरूसँग परामर्श लिनेछु ।

५) नेपाल रेडक्रसद्वारा गरिने आव्हान र सुम्पिने उत्तरदायित्व वहन गर्न तयार भई सहयोग गर्नेछु ।

६) आफ्नो क्षमता अनुसार सेवा कार्यको जिम्मा लिनेछु र लचिलो तथा सतर्कतापूर्वक त्यस प्रकारका कार्य सम्पन्न गर्नेछु ।

७) नेपाल रेडक्रसको विधान तथा यसका दूरगामी लक्ष्य, उद्देश्य र मूलभूत नीतिहरूसंग परिचित भई यस संस्थालाई सवल पार्न मद्दत गर्नेछु ।

८) सहकर्मी स्वंयसेवक/सदस्यहरू लगायत सम्बन्धित सबैसंग सकारात्मक सम्बन्ध स्थापना गर्दै पारस्परिक समझदारीको प्रबर्द्धन गर्नेछु ।

९) राष्ट्रियता, जात-जाति, लिङ्ग, राजनीतिक आस्था वा धार्मिक विश्वासको आधारमा भेदभाव नगरी आफ्ना कर्तव्यहरू पूरा गर्नेछु ।

१०) आफूले सहयोग गरिएका व्यक्तिहरूको विश्वास तथा आत्म सम्मानको रक्षा गर्नेछु ।

११) संकटाभिमुख समुदायको पक्षमा वहस गर्दै उच्च गुणस्तरीय सेवा प्रदान गर्न यथासम्भव प्रयत्नशील रहनेछु ।

देहायबमोजिम काम कार्यवाहीहरू नगर्ने प्रतिवद्धता व्यक्त गर्दछु :

१) नेपाल रेडक्रस सोसाइटीका साधन र स्रोतहरूको प्रयोगका सम्बन्धमा आधिकारिक निकाय/ पदाधिकारी /व्यक्तिको पूर्व स्वीकृति विना कसैलाई पनि बचनवद्धता प्रकट गर्ने छैन ।

२) व्यक्तिगत स्वार्थको निम्ति नेपाल रेडक्रसको कुनै पद, चिह्न र साधन तथा स्रोतहरूको दुरूपयोग गर्ने छैन ।

३) रेडक्रसको सदस्य/स्वयंसेवकको हैसियतमा प्राप्त ब्याच, परिचयपत्र तथा रेडक्रस चिह्न अंकित अन्य वस्तुहरू रेडक्रस अभियान वा यस्तै प्रकारको मानवीय कार्यमा बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्ने छैन।

४) संस्थागत आदान-प्रदान वा बिक्रीबाट हुने फाइदा आफ्नो वा अरू कसैको अनुचित व्यक्तिगत लाभका लागि नेपाल रेडक्रसको आफ्नो सदस्यता/पद/दर्जाको प्रयोग गर्ने छैन ।

५) नेपाल रेडक्रसको विरूद्ध आँच आउने र भ्रष्टाचार लगायतको कुनै पनि किसिमको कार्य गर्ने छैन ।

प्रतिवद्धता व्यक्त गर्ने स्वयम्सेवकको नाम :

दस्तखत :

मितिः